# कोशी प्रदेशका उपलब्धि र चुनौतिहरू

असार २०८२

फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर
भैंसेपाटी, ललितपुर

# प्राक्कथन

नेपालको संविधानले नेपालको संरचना सङ्घ प्रदेश र स्थानीय गरी तीन तहको हुने भनी गरेको व्यवस्थासँगै नेपालमा सङ्घीय शासन प्रणालीको अभ्यास भएको सात वर्ष अवधि पूरा भएको छ । सङ्घीय शासन प्रणालीमा तहगत सरकारहरूले संविधान र कानून बमोजिम सहकार्य समन्वय र सह-अस्तित्वको सिद्धान्तमा रहेर शासन, विकास र सेवा प्रवाहको कार्य गर्दछन् ।

नेपालको सङ्घीय शासन प्रणालीलाई सबलीकरण गर्ने मुख्य उद्देश्यले अभिप्रेरित भई स्थापना भएको यस फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर (एफएलसी)ले सो उद्देश्य प्राप्तिका लागि आफ्नो अध्ययन, अनुसन्धान, बहस तथा पैरवीका क्रियाकलापलाई सङ्घीयता, लोकतन्त्र, अन्तरतहगत सम्बन्ध तथा समावेशी शासन प्रणालीका विषयवस्तुमा केन्द्रित गर्ने गरेको छ। यिनै सवालहरूमा यो संस्थाले पछिल्ला दिनमा सङ्घीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा), प्रमुख राजनीतिक दलहरू, सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत विभिन्न सरोकारवाला पक्षहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरी सङ्घीयता सबलीकरणमा योगदान पुर्याइरहेको छ।

सङ्घीयता बलियो हुन यसको जग र आधार बलियो हुन जरुरी हुन्छ। नेपालको सङ्घीयताको जग र आधार भनेका प्रदेश र स्थानीय तह हुन्। ती संरचना बलियो बन्नका लागि संरचना कामकाजी हुनुपर्छ। यतिले मात्र पुग्दैन, गरेका कार्यको सम्बन्धमा जनतामा प्रचार-प्रसार समेत हुनुपर्ने हुन्छ ।

प्रदेश सरकार स्थापना भई सञ्चालनमा आएपश्चात् प्रदेश सरकारले आफ्ना विषयगत क्षेत्रमा हासिल गरेका उपलब्धिको सम्बन्धमा हालसम्म व्यवस्थित रुपमा अध्ययन हुन नसकेको पृष्ठभूमिमा हाल एफएलसीले यो संक्षिप्त अध्ययन विश्लेषण गरेको छ। यो प्रतिवेदनले कोशी प्रदेश सरकारको शासन र विकास यात्राको मुख्य उपलब्धिको संक्षेप विवरण, सुधारका क्षेत्रको पहिचान गरी केही सुझावहरु सिफारिस गरेको छ ।

यस प्रतिवेदन लेखनमा अभिप्रेरित गर्नु हुने प्रदेशका मुख्यमन्त्री, पूर्वमुख्यमन्त्री, सभामुख, मन्त्री तथा कर्मचारीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । उहाँहरूको सहयोग र सल्लाह सुझावबिना यो अध्ययन सम्भव थिएन। तथ्य तथा तथ्याङ्क सङ्कलनमा कोशी प्रदेश समितिको भूमिका महत्त्वपूर्ण रहेको छ। तयार गरिएको मस्यौदाका विवरणहरू प्रदेश सरकारको तथ्याङ्कसँग रुजु गरी आवश्यक सुझाव प्रदान गर्ने श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशप्रति आभारी छौं।

यस अध्ययन प्रतिवेदनका संयोजक माननीय गोपी बहादुर सार्की अछामी तथा संकलित तथ्य र तथ्याङ्कको शब्द, वाक्य र भाषा मिलाई प्रतिवेदन तयार गर्नमा सहयोग पुर्याउने आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेशका जीवन सुवेदी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका डेकेन्द्रप्रसाद सुवेदी र स्वास्थ्य मन्त्रालयका निर्मल भट्टराई विशेष धन्यवादका पात्र हुनुहुन्छ। उहाँहरूको अनुसन्धान अनुभव, गहिरो विश्लेषण क्षमता र प्रदेशप्रतिको संवेदनशील दृष्टिले यो प्रकाशनलाई गहनता र उपयोगिता प्रदान गरेको छ। यसैगरी, प्रतिवेदनलाई सम्पादन गरी पठनीय बनाउने संस्थाका बरिष्ठ कार्यक्रम संयोजक कृष्णकुमार साहलाई धन्यवाद व्यक्त गर्दछौं। अनुसन्धानको अवधारणादेखि तयार पार्नसम्म सहयोग गर्नुभएका सबै सरोकारवाला, प्रदेशका पदाधिकारी, निकायहरू, र सहकर्मीहरूलाई पनि फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर हार्दिक आभार प्रकट गर्दछ।

हामी आशा गर्छौं, यो अध्ययन कोशी प्रदेशको शासन अभ्यासबारे जान्न चाहने सबैका लागि मार्गदर्शक दस्तावेज हुनेछ। सङ्घीयताको संस्थागत सबलीकरण, उत्तरदायी सरकार र समावेशी विकासप्रति केन्द्रित यस्ता प्रयासहरू भविष्यमा पनि निरन्तर भइरहुन भन्ने हाम्रो कामना छ।

**फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर (एफएलसी)**
**भैंसेपाटी, ललितपुर**
असार, २०८२

# विषयसूची


कार्यकारी सारांश ........................................ १

१ परिचय ........................................ २

१.१ पृष्ठभूमि ........................................ २

१.२ अध्ययनको औचित्य तथा उद्देश्य ........................................ २

१.३ अनुसन्धान विधि तथा सीमा ........................................ ३

२. प्रदेशको संस्थागत व्यवस्था ........................................ ४

२.१ राजनीतिक संरचना ........................................ ४

२.२ प्रशासनिक संरचना ........................................ ४

२.३. नीतिगत तथा कानुनी संरचना ........................................ ४

३. समष्टिगत प्रादेशिक आर्थिक स्थिति ........................................ ५

४. विषयक्षेत्रगत आधारमा भएका उपलब्धि ........................................ ६

४.१ आर्थिक क्षेत्र ........................................ ६

४.२ सामाजिक क्षेत्र ........................................ ७

४.३ पूर्वाधार क्षेत्र ........................................ ८

४.४ सुशासन र अन्तरसम्बन्धित क्षेत्र ........................................ ८

४.५ शान्ति सुरक्षा ........................................ ८

५. सार्वजनिक वित्त व्यवस्थापन ........................................ ९

५.१ राजस्व सङ्कलन तथा अनुदान प्राप्तिको अवस्था ........................................ ९

५.२. आन्तरिक स्रोत परिचालन ........................................ ९

५.३ वार्षिक वजेट विनियोजन र खर्च ........................................ १०

५.४ प्रदेशबाट स्थानीय तहमा गरिएको वित्तीय हस्तान्तरण ........................................ ११

५.५ आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट विनियोजन सम्बन्धि विवरण ........................................ ११

५.६ सार्वजनिक निजी साझेदारीका विषयहरू ........................................ १२

५.७ वित्तीय सुशासन प्रवर्द्धन र प्रशासनिक खर्च सुधारका प्रयासहरू ........................................ १२

६. प्रदेश सभासम्बन्धी विवरण ........................................ १४

६.१ प्रदेश सभाको पहिलो कार्यकाल (२०७४-२०७९) ........................................ १४

६.२ कोशी प्रदेश सभाको दोस्रो कार्यकाल (२०७९ देखि २०८१ फागुन २७ गते सम्मको) ...................... १४

**७. तहगत अन्तरसम्बन्ध ........................................................................................ १५**

७.१ प्रदेश समन्वय परिषद्का बैठक र महत्वपूर्ण निर्णयहरू ............................................................ १५

७.२ स्थानीय तहसँग जोड्ने अन्य विषयगत समिति ..................................................................... १५

७.३ प्रदेश प्रदेशका बीचमा भएका छलफल ................................................................................ १५

**८. प्रमुख सुधारका क्षेत्र तथा चुनौतिहरू ................................................................... १७**

८.१ प्रमुख सुधारका क्षेत्र ........................................................................................................ १७

८.२ मुलभूत चुनौति ................................................................................................................ १८

**९. निष्कर्ष र सुझाव ............................................................................................... १९**

९.१ निष्कर्ष .......................................................................................................................... १९

९.२ सुझावहरू ....................................................................................................................... १९

**सन्दर्भ सामाग्रीहरू ................................................................................................. २१**

**अनुसूचीहरू .......................................................................................................... २२**

# कार्यकारी सारांश

कोशी प्रदेश सरकारले सङ्घीय प्रणाली कार्यान्वयनको सात वर्षे अवधिमा कानुनी, संस्थागत, भौतिक, सामाजिक, आर्थिक र प्रशासनिक क्षेत्रहरूमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। प्रदेशको नाम 'कोशी' राखिएको र राजधानी विराटनगर तोकिएको छ। हालसम्म प्रदेश सभाबाट ८१ वटा कानून निर्माण भई कार्यान्वयनमा छन्। २०७४ साल माघदेखि २०८१ साल चैत्रमसान्तसम्म प्रदेशको औसत आर्थिक वृद्धिदर ३.८२% रहेको छ भने आन्तरिक राजस्व २.५ अर्बबाट ४.८९ अर्बसम्म पुगेको छ। बजेट विनियोजनको झन्डै १०% स्थानीय तहमा हस्तान्तरण गरिएको छ। पुँजीगत खर्चको प्रगति ७५% भन्दा माथि छ।

सामाजिक क्षेत्रमा उल्लेखनीय कार्यहरू गरेको छ। मनमोहन प्राविधिक विश्वविद्यालय स्थापना, १,००० युवालाई सीपमूलक तालिम, १७३ विद्यालयमा नर्सिङ्ग कार्यक्रम, ग्रामीण आमा स्वास्थ्य कार्यक्रम, पूर्ण खोप अभियान र शैलजा आचार्य हृदय रोग केन्द्र सञ्चालन, ७४,४९७ अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यक्रममार्फत लाभान्वित गरेको छ । प्रदेशले ९२.१८% जनतामा खानेपानी सेवा र ९७.८३%मा आधारभूत सरसफाइ सेवा पुर्याएको छ। प्रदेशले पूर्वाधार क्षेत्रमा ४५३ कि.मि. बहुवर्षीय सडक, ९३ पक्की पुल, २२४ झोलुङ्गे पुल, १३,००० हे. सिँचाइ विस्तार, तथा ८४५ हे.मा वृक्षारोपण गरेको छ। पर्यटन क्षेत्रमा मुन्धुम पदमार्गसहित अन्य पदमार्गहरू गेम चेन्जर परियोजनाका रूपमा अघि बढाएको छ।

शासनका पक्षमा भ्रष्टाचारविरुद्ध रणनीति, वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण प्रणाली, आयोजना बैंक र खर्च सुधारका लागि निर्देशिका लागू गरेको छ। प्रदेशले निजामती सेवा ऐन कार्यान्वयन, लोकसेवा आयोगमार्फत पदपूर्ति, र सार्वजनिक सेवामा पारदर्शिता प्रवर्द्धनमा विशेष जोड दिएको छ।

यद्यपि, अधिकार प्रयोगमा सङ्घीय हस्तक्षेप, सीमित स्रोत परिचालन, बजेटको कटौती, सङ्घीय सरकारको अनुदारता, कर्मचारी समायोजनको अस्पष्टता, स्थानीय तहसँग समन्वयको कमजोरी र राजनीतिक अस्थिरता (७ वर्षमा ९ सरकार) कोशी प्रदेशको प्रमुख चुनौतीहरू हुन्। सङ्घीयता सुदृढीकरणका लागि प्रदेश समन्वय परिषद्, प्रशासनिक समन्वय समिति तथा अन्तरप्रदेश संवादमार्फत सहकार्य र नीतिगत एकरूपता कायम राख्ने पहल गरेको छ।

निष्कर्षमा, कोशी प्रदेशले संरचना निर्माणदेखि सेवा प्रवाह, कानुनी विकास, वित्तीय अनुशासन र स्थानीय सरकार सशक्तीकरणसम्मका क्षेत्रमा महत्त्वपूर्ण प्रगति गरेको छ। अबका दिनमा उपलब्धिको संस्थागत विकास गर्दै अधिकार प्रयोग, आन्तरिक स्रोत सुदृढीकरण र परिणाममुखी शासन प्रणालीको माध्यमबाट सङ्घीयताको प्रभावकारिता स्थापित गर्ने चुनौती र अवसर दुवै रहेको देखिन्छ।

# १ परिचय

## १.१ पृष्ठभूमि[1]

चित्र १ : कोशी प्रदेशको नक्सा




देशको पूर्वी भागमा अवस्थित कोशी प्रदेशको कूल क्षेत्रफल २५,९०५ वर्ग कि. मि. छ । प्रदेशमा विश्वकै सर्वोच्च शिखर सगरमाथा लगायत कञ्चनजङ्गा, मकालु, चोयु, ल्होत्से आदि हिमालहरूको अवस्थितिले उत्तरतर्फ चीनसँग प्राकृतिक सीमाको समेत काम गरेको छ । पूर्वतर्फ भारतको पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ विहार राज्य पर्दछ । प्रदेशको कूल क्षेत्रफलको १८ प्रतिशत तराई र ८२ प्रतिशत पहाड तथा हिमाली क्षेत्रमा पर्दछ। १४ जिल्ला समेटिएको यस प्रदेशमा १ महानगरपालिका, २ उप-महानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी १३७ स्थानीय तह छन् ।

२०७८ सालको जनगणना अनुसार यस प्रदेशको जनसङ्ख्या ४९,६१,४१२ रहेको छ, जुन मुलुकको कुल जनसङ्ख्याको १७.०१ प्रतिशत हो । प्रदेशको जनसङ्ख्यामध्ये ५१.३% महिला छन् भने लैङ्गिक अनुपात ९५ रहेको छ । यो प्रदेशमा ११,९१,५५६ परिवारको बसोबास रहेको छ जहाँ एकल परिवार ६०.९ प्रतिशत र संयुक्त परिवार ३९.० प्रतिशत छन्। वार्षिक जनसङ्ख्या वृद्धिदर ०.८६ प्रतिशत रहेको छ। प्रदेशगत जनसङ्ख्याको वितरणमा कोशी प्रदेश चौथो स्थानमा रहेको छ भने जनघनत्व १९२ प्रति वर्ग कि.मि.रहेको छ ।

कुल १३२ जातजाति बसोबास गर्ने प्रदेशमा जातिगत बसोबास क्रमशः क्षेत्री (१५.०%), ब्राम्हण (११.६%), राई (१०.२%), याक्थुङ/लिम्बु (७.८%), र तामाङ (४.६%) रहेका छन् ।

प्रदेशमा कुल १०७ वटा मातृभाषा बोलिन्छन् जसमा सबैभन्दा धेरै नेपाली (४५.३%) र दोस्रोमा मैथिली (११.७%) तथा तेस्रोमा याक्थुङ/लिम्बु (६.७%%) रहेका छन् । त्यसैगरी प्रदेशको जनसङ्ख्याको ६७.४% हिन्दु तथा १६.८% किरात धर्मावलम्बीहरू यस प्रदेशमा बसोवास गर्दछन्।

यो प्रदेशको समग्र साक्षरता दर ७९.७ प्रतिशत रहेको छ, जहाँ पुरुषको साक्षरता दर ८६.१ प्रतिशत र महिलाको साक्षरता दर ७३.६ प्रतिशत रहेको छ। जसमा ५-१७ वर्षका बालबालिकाको साक्षरता दर करिब ९७ प्रतिशत रहेको छ ।

ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरणअनुसार कोशी प्रदेशमा ३६.१ प्रतिशत जनसङ्ख्या ग्रामिण, ४१.२ प्रतिशत जनसङ्ख्या अर्धशहरी र २२.७ प्रतिशत जनसङ्ख्या शहरी क्षेत्रमा बसोबास गर्दछन्।

प्रदेशमा कुल प्रजनन् दर २.१९ रहेको छ भने औसत आयु ७०.४ वर्ष (पुरुष-६७.५ वर्ष र महिला-७२.८ वर्ष) रहेको छ । यस प्रदेशमा अझैपनि बाल-विवाहको दर १२.८ प्रतिशत (पुरुष- ४.३ र महिला- २०.१%) रहेको छ।

नेपालको संविधानले नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने भनी सो अनुरूप गरेका संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम प्रदेशको स्थापना भएको हो। २०७४ मंसिर महिनामा निर्वाचन सम्पन्न भई २०७४ माघ २२ गते प्रदेश सभाको पहिलो बैठक बसेको थियो भने प्रदेश सभाबाट २०७४ फागुन ३ गते पहिलो पटक प्रदेश सरकारको गठन भएको थियो।

प्रदेश सभाले मिति २०७६ साल बैशाख २३ गते मोरङ्ग जिल्लाको विराटनगरलाई प्रदेशको राजधानी कायम गरेको छ भने मिति २०७९ फागुन १७ गते यस प्रदेशको नामलाई “कोशी प्रदेश” नामाकरण गरेको छ।

## १.२ अध्ययनको औचित्य तथा उद्देश्य

२०८१ फागुन ३ गते कोशी प्रदेश सरकार स्थापना भएको ७ वर्ष पुरा भएको छ। सङ्घीयताको अभ्याससँगै प्रदेश सरकारको उपस्थितिले तहगत समन्वय सहज भएको छ। संविधान तथा कानून वमोजिम प्राप्त अधिकारको दायरामा रहेर यस अवधिमा प्रदेश सरकारले भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, कानूनी संरचना निर्माण, तहगत सम्बन्ध विकास लगायतका बहुआयमिक क्षेत्रमा महत्वपूर्ण कार्यहरू गरेको छ । प्रविधिको विकास र विस्तार, सूचना व्यवस्थापन र प्राविधिक ज्ञानको प्रसारमा समेत प्रदेश सरकारको भूमिका अपरिहार्य छ

[1]पृष्ठभूमि खण्ड राष्ट्रिय जनगणना २०७८ प्रदेशस्तरीय जनसाङ्ख्यिक प्रतिवेदन, २०८१को आधारमा तयार गरिएको छ।

। तर, यसको व्यवस्थित रूपमा अध्ययन र विश्लेषण भएको छैन । प्रदेश सरकारका हालसम्मका कार्यबाट हासिल गरेका उपलब्धिको सम्बन्धमा उपलब्ध तथ्य र तथ्याङ्कहरूको आधारमा अध्ययन र विश्लेषण गर्न यो अनुसन्धानको कार्य महत्वपूर्ण छ।

प्रदेश सरकार सञ्चालनका विभिन्न स्तरमा देखा परेका समस्याहरूको बारेमा अध्ययन गरी तिनका समाधानका विकल्पहरू सुझाव प्रस्तुत गर्न तथा प्रदेश सरकारको सामुन्नेमा रहेका चुनौतीहरू समेत पहिचान गरी सो को सामना गर्ने उपायहरू समेत सिफारिस गर्नको लागि यो अध्ययन सहयोगी हुनेछ। यसका साथै कोशी प्रदेश सरकारले आफ्नो स्थापना कालदेखि हालका दिनसम्मको यात्रा तय गर्दा हासिल गरेका उपलब्धि तथा अबका दिनमा रहेका चुनौतिका सम्बन्धमा जानकारी, तथ्य, तथ्याङ्कको उपलब्धता देखि लिएर सम्बन्धित विषयमा अध्ययन अनुसन्धानका लागि सन्दर्भ सामाग्री समेतका लागि प्रस्तुत अध्ययन प्रतिवेदन उपयोगी हुनेछ। यस किसिमको तथ्यपूर्ण अध्ययनको निष्कर्षका आधारमा आगामी दिनमा तीन तहका सरकारबीच प्रभावकारी समन्वय एवम् सुदृढ अन्तर-सम्बन्धका लागि विषय केन्द्रित बहस/पैरवी चलाउनसमेत सहज हुन्छ। यस अध्ययनले प्रदेशलाई बलियो बनाउन र सङ्घीयता सबलीकरण गर्न समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ।

## १.३ अनुसन्धान विधि तथा सीमा

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्य तथा तथ्याङ्कहरू द्वितीय स्रोतमा आधारित छन्। प्रदेश सरकारका मन्त्रालय, प्रदेश सभा वा अन्य निकायका प्रकाशन तथा उपलब्ध तथ्याङ्क, महालेखापरीक्षकको कार्यालयको प्रतिवेदन (कोशी प्रदेश), समेतलाई प्रतिवेदनका तयारीको आधारको रूपमा ग्रहण गरिएको छ। प्रकाशन नभएका सूचनाहरूका लागि सम्बन्धित मन्त्रालयबाट सूचना माग गरी औपचारिक र प्रमाणित सूचनालाई प्रतिवेदनको अङ्ग बनाइएको छ।

प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक तथ्याङ्क तथा विवरण एकीकृत रूपमा प्राप्त हुन सकेनन्। बहु-निकायबाट तथ्याङ्क प्राप्त गर्दा समयका हिसावले कतिपय तथ्याङ्कमा फरक-फरक अवधि हुन पुगेको छ। सबै निकायमा सूचनाहरू तयारी अवस्थामा नरहने स्थितिले प्राप्त सूचनाको आधिकारिकताको अभावमा प्रमाणित नभएका केही तथ्य/सूचनाहरूलाई यस प्रतिवेदनमा समावेश गर्न सक्ने स्थिति रहेन।

प्रस्तुत अध्ययन प्रतिवेदनले कोशी प्रदेश सरकारले आफ्नो स्थापनादेखि २०८१ चैत्र मसान्तसम्मको अवधिमा विषयगत क्षेत्रमा हासिल गरेका मुख्य मुख्य उपलब्धि र आउँदो दिनका लागि सतहमा देखिएका मुख्य-मुख्य व्यवधानहरू सम्मको जानकारी प्रदान गर्दछ। त्यसभन्दा बाहिर रहेर वा यसै विषयमा थप सुक्ष्म अध्ययन तथा विश्लेषण प्राप्त गर्ने प्रयोजनमा यो संक्षिप्त प्रतिवेदनले उपलब्ध गराउने जानकारी र सूचना अपर्याप्त हुनसक्छ।

# २. प्रदेशको संस्थागत व्यवस्था

## २.१ राजनीतिक संरचना

कोशी प्रदेशमा मुलभूत रूपमा दुई राजनीतिक संरचना छन्। एउटा प्रदेश सभा र अर्को प्रदेश सरकार (मन्त्रिपरिषद्)। प्रदेश सभामा ५६ जना प्रत्यक्ष निर्वाचित र ३७ समानुपातिक मार्फत् गरी कुल ९३ जना प्रदेश सांसदको सभा छ। सभाका ७ वटा विषयगत समिति छन्, भने १ प्रदेश सभा सचिवालय रहेको छ।

प्रदेश सरकार अन्तर्गत ९ मन्त्रालय छन् । मन्त्रालयहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन पर्यटन तथा वातावरण मन्त्रालय, उद्योग कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय रहेका छन् ।

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा समेतका पदमा उपयुक्त उम्मेदवार छनौट तथा योग्यता प्रणालीलाई व्यवस्थित गर्न प्रदेश लोक सेवा आयोगको गठन भएको छ। प्रदेश लोकसेवा आयोगमा एक अध्यक्ष सहित ३ जना सदस्य हुने व्यवस्था छ ।

प्रदेशको विकास योजना तथा नीति तर्जुमामा सरकारलाई सल्लाह सुझाव दिन, प्रादेशिक योजना तर्जुमा गर्न तथा विनियोजनमा सहजीकरण गर्न स्थापित प्रदेश योजना आयोगमा मुख्यमन्त्री अध्यक्ष, उपाध्यक्ष एक जना, सदस्यहरू चार जना र एक जना सदस्य सचिव रहने व्यवस्था अनुरूप सोही बमोजिमका पदाधिकारी छन्।

मुख्यमन्त्रीको मुख्य कानूनी सल्लाहकारको रूपमा मुख्य न्यायाधिवक्ता रहने र निजको कार्य र भूमिकालाई व्यवस्थित गर्न मुख्य न्यायधिवक्ताको कार्यालय स्थापना र सञ्चालन गरिएको छ। कोशी प्रदेशमा निजी लगानीको सम्भाव्यता तथा क्षेत्र पहिचान गरी लगानीमा सहजीकरण एवं प्रोत्साहन गर्न प्रदेश लगानी प्राधिकरणको संस्थागत व्यवस्था गरिएको छ।

## २.२ प्रशासनिक संरचना

राजनीतिक संरचना सङ्गसङ्गै प्रशासनिक संरचना छ । नेपाल सरकारले तोकेको प्रमुख सचिव नेतृत्वको प्रदेश सरकारको कर्मचारी संयन्त्रमा नेपाल सरकारले नै खटाएका सहसचिव स्तरको कर्मचारी प्रदेश मन्त्रालयको सचिव भई कार्य गर्ने व्यवस्था गरिएको छ।

प्रदेश सरकारको संरचनासँग हाल सबै किसिमका कार्यालयहरू गरी कुल १९३ वटा कार्यालयलयहरू छन् ।

प्रमुख सचिव र प्रदेश सचिव वाहेकका अन्य अधिकृतस्तर तथा सहायकस्तरका पदहरू प्रदेश निजामती सेवाकै पदहरू रहने व्यवस्था रहेको छ। प्रदेशका २०८१ साल माघ मसान्तसम्ममा कुल ३९८४ दरवन्दीका पदहरूमा सङ्घ सरकारबाट कर्मचारी समायोजन मार्फत् तथा प्रदेश लोकसेवा आयोगमार्फत् पदपूर्तिको कार्य भई ६५ प्रतिशत भन्दा बढी पदमा पदपूर्ति भएको छ। जसमध्ये महिलाको संख्या करिव १५ प्रतिशत रहेको छ ।

प्रदेश मन्त्रालयका विभिन्न ७ वटा निर्देशनालयहरू रहेका छन् । १४ वटै जिल्लामा विभिन्न विषयगत मन्त्रालयका डिभिजन तथा जिल्ला कार्यालयहरूबाट नियमित रूपमा सेवा प्रवाह भइरहेको छ ।

प्राविधिक कर्मचारीको क्षमता विकासका लागि स्वास्थ्य तालिम केन्द्र, शिक्षा तालिम केन्द्र जस्ता प्रशिक्षण केन्द्र स्थापना तथा सञ्चालनमा रहेका छन् । प्रदेश र स्थानीय सेवाका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको क्षमता विकासका लागि प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान स्थापना भई सञ्चालनमा रहेको छ।

प्रदेश तथा स्थानीय तहका कार्यालयहरूको तथा पद दर्ता गर्न तथा कर्मचारीहरूको अभिलेख राख्न, प्रदेश निजामती किताबखाना स्थापना भई सञ्चालनमा रहेको छ। प्रदेशमा एक प्रदेश लेखा नियन्त्रक कार्यालय रहेको छ। यस अन्तर्गतका प्रदेशका १४ वटै जिल्लामा प्रदेश लेखा इकाई कार्यालयहरूबाट जिल्लामा रहेका प्रदेश अन्तर्गतका कार्यालयहरूलाई प्रदेश संचित कोषबाट बजेट निकासा दिने एवं अन्य वित्त व्यवस्थापन सम्बन्धी कार्य गरिरहेको छ ।

## २.३. नीतिगत तथा कानुनी संरचना

दोस्रो आवधिक योजना २०८१/८२- २०८५/८६ कार्यान्वयनमा छ । प्रदेश सभाको पहिलो र दोश्रो कार्यकालमा गरी २०८१ साल चैत्र मसान्तसम्ममा जम्मा ८१ वटा विधेयकहरू पारित भई कानून निर्माण भएको छ। आर्थिक ऐन, विनियोजन ऐन, मध्यमकालीन खर्च संरचना आदिबाट प्रदेश सरकारको बजेट प्रणाली व्यवस्थित छ, भने शासन विकास तथा सेवा प्रवाहको प्रभावकारिताका लागि प्रत्यायोजित विधायनको अधिकार प्रयोग गरी उक्त अवधिमा ३१ नियमावली, १७ निर्देशिका, ६७ कार्यविधि, २ मापदण्ड एवम् ५ गठन आदेश निर्माण भई कार्यान्वयनमा रहेका छन्।

## ३. समष्टिगत प्रादेशिक आर्थिक स्थिति[२]

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको आर्थिक वृद्धिदर ३.३ प्रतिशत रहने अनुमान छ । यो दर आर्थिक वर्ष २०८०/८१ मा भएको आर्थिक वृद्धिदर भन्दा बढी हो।

सङ्घीयता कार्यान्वयनको ७ वर्षमा कोशी प्रदेशको औसत आर्थिक वृद्धिदर ३.८२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको आर्थिक वृद्धि आधारभूत मूल्यमा २.७३ प्रतिशत र उपभोक्ताको मूल्यमा ३.३४ प्रतिशत हुने अनुमान प्रदेश सरकारले गरेको छ । गत आर्थिक वर्षमा यस्तो वृद्धिदर क्रमशः ३.० प्रतिशत र ३.३१ प्रतिशत रहेको थियो। सङ्घीयता कार्यान्वयनको शुरुका वर्षमा कोशी प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा माथि रहेकोमा अघिल्लो आर्थिक वर्षदेखि यस्तो वृद्धिदर राष्ट्रिय औसतभन्दा तल परेको देखिएको छ।

आर्थिक वर्ष २०८१/८२ मा प्रचलित मुल्यको कुल ग्राहस्थ उत्पादन रु. ६१ खर्ब ७ अर्ब २२ करोडमध्ये कोशी प्रदेशको अंश १५.९ प्रतिशत रहने अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो हिस्सा १५.८ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ को राष्ट्रिय कृषि उत्पादनमा कोशी प्रदेशको योगदान २१.५ प्रतिशत हुने देखिन्छ, जुन सबै भन्दा बढी हो। विगत ७ वर्षको राष्ट्रिय कृषि उत्पादनमा यस प्रदेशको औसत हिस्सा २१.६% छ।

आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३४.१ प्रतिशत, सेवा क्षेत्रको योगदान ४९.९ प्रतिशत र उद्योग क्षेत्रको योगदान १६.१ प्रतिशत हुने अनुमान गरिएको छ । पछिल्लो ७ वर्षमा कोशी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा द्वितीयक क्षेत्रको हिस्सा घट्दै गएको, सेवा क्षेत्रको हिस्सा बढ्दै गएको छ । तथ्याङ्कले यस अवधिमा कोशी प्रदेशको कुल ग्रार्हस्थ उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको औसत योगदान क्रमशः ३४.३ प्रतिशत, १६.६ प्रतिशत र ४९.१ प्रतिशत रहेको छ (प्रादेशिक आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०८१/८२) ।

[२] प्रादेशिक आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०८१/८२ को आधारमा ।

# ४. विषयक्षेत्रगत आधारमा भएका उपलब्धि

## ४.१ आर्थिक क्षेत्र

### कृषि



चित्र २ : सुन्दरहरैंचा न.पा — ८, मोरङ्गस्थित व्यवस्थित नर्सरी
स्रोत : उद्योग कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश

- उद्योग कृषि तथा सहकारी मन्त्रालयका अनुसार २०८१ माघ मसान्तसम्ममा कूल ३,००० मे.टन भण्डारण क्षमता भएका ९ वटा बिउ प्रशोधन तथा भण्डारण गृह तयार गरेको छ। प्रदेशमा १३ वटा कूल ६,००० मे.टन. क्षमताका खाद्यान्न भण्डारण गृह निर्माण गरी खाद्यान्न भण्डारण क्षमतामा वृद्धि गरेको छ। आलुको बिउ उपलब्धतामा सहयोगका लागि ३१ वटा रस्टिक स्टोर निर्माण गरेको छ । कृषि वस्तुको व्यवस्थित भण्डारणका लागि २२८६ मे.टन शीत भण्डारण पूर्वाधार निर्माण गरेको छ।
- २०८१ साल माघ मसान्तसम्ममा प्रदेश सरकारले पशु नश्ल सुधारका लागि ६,६७,७६१ गाई/भैसी/बाखामा कृत्रिम गर्भाधान सुविधा उपलब्ध गराएको छ । विभिन्न पशुपन्छीमा १ करोड ५० लाख खोप लगाएको छ। लम्पी स्कीन रोग नियन्त्रणका लागि ९१,३५० डोज खोप खरिद गरी खोप लगाएको छ । ५४ वटा नमुना व्यवसायिक बाखा फार्मको पूर्वाधार निर्माण गरेको छ । ५०० भन्दा बढी सङ्ख्यामा क्रस वोयर बोका वितरण गरी बाखाको नश्ल सुधार गर्न सहयोग गरेको छ। मत्स्यपालनतर्फ, ७५ हेक्टरमा नँया पोखरी निर्माण र ३५ हेक्टर पुरानो पोखरी मर्मत गरेको र ट्राउट माछाका लागि करिब २,००० वर्ग मिटरमा रेसवे निर्माण गरेको छ ।[३]

### उद्योग वाणिज्य

- प्रदेश सरकारले २०८१ साल माघ मसान्तसम्ममा करिब ३०,००० सहभागीहरूलाई उद्यमशीलता, सीप विकास, स्वरोजगारी र स्तरोन्नति सम्बन्धी विभिन्न तालिमहरू प्रदान गरेको छ। उपयुक्त प्रविधि लगायत विभिन्न समुदाय लक्षित प्रविधि सहयोग कार्यक्रममार्फत् करिव ७,००० लघु, घरेलु तथा साना उद्यमहरूको क्षमता अभिवृद्धि गरेको छ ।[४]

### सहकारी

- सहकारी सम्बन्धमा प्रदेश सरकारले १५२ वटा तालिम सञ्चालन गर्दै ४,१९४ जनालाई प्रशिक्षण प्रदान गरेको छ। समस्याग्रस्त सहकारी समितिको कार्यालय स्थापना गरेको छ।

### पर्यटन



चित्र ३ : मुन्धुम पदमार्ग
स्रोतः- जीवन सुवेदी/सेतोपाटी

- प्रदेश सरकारले २०८१ माघ मसान्तसम्ममा अन्य साझेदारसँगको सह-लगानीमा ८३ कि.मि. लामो मुन्धुम पदमार्गको निर्माण गरेको छ। मुन्धुम पदमार्गको निर्माण बाँकी कार्यसहित अन्य ३ पदमार्ग (लालिगुराँस पदमार्ग, चियाबारी पदमार्ग, र फाल्गुनन्द पदमार्ग) का लागि स्वीस अनुदान, सङ्घ, प्रदेश तथा २९ स्थानीय तह समेतको सह-लगानीमा जम्मा २ अर्ब ४५ करोड ६१ लाख लागतमा करिब ४०० कि.मी पदमार्ग निर्माणको कार्य गरिरहेको छ ।[५] यी पदमार्गलाई प्रदेशले गेम चेन्जर परियोजनाको रूपमा लिएको छ ।

---

[३] उद्योग, कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्कको आधारमा ।

[४] हेर्नुहोस् : कोशी प्रदेशको ७ वर्ष, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रतिवेदन ।

[५] पर्यटन, वन तथा वातावरण मन्त्रालयको तथ्याङ्कको आधारमा ।

**वन तथा वातावरण**

- ❖ प्रदेश सरकारले २०८१ साल माघ मसान्तसम्ममा ८४५.६३ हेक्टर जमिनमा वृक्षारोपण गरेको छ । आ.व. ०७४/०७५ मा यस प्रदेशमा वन क्षेत्रले ओगटेको क्षेत्रफल ४४.७४ रहेकोमा वृद्धि भएर हाल ४८.९६ पुगेको छ। वन क्षेत्रबाट १० करोड ३२ लाख क्यू.फिट काठ, २ करोड ६७ लाख जडिबुटी तथा १ लाख ८९ हजार के.जी. खोटो उत्पादन भएको र सो बाट रु. ४ अर्ब ८३ करोड ७९ लाख रुपैयाँ सङ्कलन भएको छ। प्रदेशभित्रको राष्ट्रिय वनको १०८.६२ हेक्टर वन अतिक्रमण हटेको छ ।[६]
- ❖ प्रदेशका ५३ वटा स्थानीय तहमा जलवायू परिवर्तन अनुकूलन नमूना गाउँ कार्यक्रम, ७२ वटा पर्यटन हरित उद्यान निर्माण, १४ वटा पर्यावरणीय पर्यटकीय जैविक विविधता क्षेत्र, जलाधार व्यवस्थापन क्षेत्र, १५४ स्थानमा एकीकृत भू-स्खलन नियन्त्रण, ९३.२ कि.मी. खोला किनार संरक्षणका कार्य सम्पन्न भएको छ ।[७]

## ४.२ सामाजिक क्षेत्र

**शिक्षा**

- ❖ प्रदेश सरकारले नेपालकै पहिलो प्राविधिक विश्वविद्यालय (मनमोहन प्राविधिक विश्वविद्यालय) को स्थापना गरी सञ्चालन गरेको छ। २०८१ साल माघ मसान्तसम्ममा विभिन्न पेशा र व्यवसायमा छोटो अवधि (३९० घण्टे) तालिम १००० जना युवाहरूलाई प्रदान गरेको छ। २०७९/०८० बाट सुरु भएको २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम २३२ जना युवाहरूलाई निशुल्क प्रदान गरेको छ।[८]

**स्वास्थ्य**

- ❖ १७३ विद्यालयहरूमा विद्यालय नर्सिङ्ग कार्यक्रम सञ्चालन गरेको छ । १४ वटै जिल्लामा ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालनमा छ । पूर्ण खोप कोशी प्रदेश घोषणा भएको छ भने प्रदेशले शैलजा आचार्य हृदय रोग केन्द्र स्थापना गरी मुटु रोगसम्बन्धी सेवा प्रदान गर्दै आएको छ ।

**युवा तथा खेलकुद**

- ❖ रात्रिकालीन खेलकुदका लागि सहिद मैदान विराटनगरमा आ.व. २०७६/७७ मा चारवटा फ्लडलाइट जडान भई सञ्चालनमा छ। चौध जिल्लाका १३७ वटा स्थानीय तहमा खेलमैदान निर्माणका लागि ७२,९५,००,०००/- रुपैया विनियोजन गरी खेल पूर्वाधार निर्माणका कार्यहरू गरेको छ।

**लैङ्गिक सशक्तीकरण तथा मूलप्रवाहीकरण**

- ❖ प्रदेश सरकारले आ.व. २०७६/७७ देखि २०८१ साल माघ मसान्तसम्म १,३५० जना एकल महिलालाई सीपमूलक तालिम प्रदान गरी करिब ६० लाख बराबरको बिउ पूँजी परिचालित गरेको छ । दलित तथा अल्पसङ्ख्यक समुदायका ७० स्थानीय तहका १,४०० जना महिलालाई आर्थिक आत्मनिर्भरताका लागि सीपमूलक तालिम प्रदान गरेको छ ।[९]

**अपाङ्गता**

- ❖ आ.व. २०७६/७७ बाट लागू भएको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई प्रदेश सरकारले १३७ वटै स्थानीय तहमा सञ्चालन गरेको छ। जसबाट मिति २०८१ साल चैत्र मसान्तसम्म ७४,४९७ जना अपाङ्गता भएका व्यक्ति कार्यक्रममा आवद्ध भएका छन्। अपाङ्गता भएका ७,४३५ जनाले विभिन्न किसिमका उपचार सेवा तथा ८,८०६ जनाले विभिन्न किसिमका सहयोगी सामाग्री प्राप्त गरेका छन्।

---

[६] पूर्ववत ।

[७] हेर्नुहोस् : कोशी प्रदेश सरकारको सात वर्ष, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रतिवेदन ।

[८] पूर्ववत ।

[९] पूर्ववत ।

## ४.३ पूर्वाधार क्षेत्र

**सडक पूर्वाधार, पूल तथा भवन**

- सडक, सडकपुल तथा झोलुङ्गे पुल क्षेत्र तर्फ आ.व. २०७५/७६ देखि आ.व. २०८१/८२ को अर्ध वार्षिक अवधिसम्म कुल ४४८.६४ कि.मि. लम्बाईका ३८ वटा बहुवर्षीय सडक, सोही अवधिमा ३९९.८५ कि.मि. सडक ट्र्याक ओपन, १४२०.५७ कि.मि. सडक ग्राभेल, २४.८५ कि.मि आर.सि.सि. सडक र ६१२.२३ कि.मि. कालोपत्रे सडक, ९३ वटा पक्की पुल र २२४ वटा झोलुङ्गे पुल समेतको निर्माण सम्पन्न भएको तथ्याङ्क प्राप्त भएको छ ।[१०]
- शहरी विकास तथा भवन तर्फ बहुतल्ले पार्किङ तथा सञ्चार केन्द्र, इलाम, नेपाल इन्जिनियरिङ एसोसिएसन प्रशासनिक भवन, विराटनगर, कुईभीर शहीद स्मृति भवन, ओखलढुंगा लगायतका महत्वपूर्ण संरचना निर्माण गरेको छ । सामुदायिक भवन ११३, सरकारी भवन २८ वटा, जनता आवास कार्यक्रम अन्तर्गत दलित, विपन्न तथा घरविहिनका लागि निजी घर निर्माण ७,२८४ वटा, एकीकृत वस्ति विकास अन्तर्गत १६ वटा वस्ती सुरक्षा कार्यक्रम सम्पन्न, सरकारी भवन तथा अन्य भवन १४८ वटा मर्मत सम्भार, भ्युटावर २ वटा, रङ्गशाला १ वटा र अन्य पूर्वाधार निर्माण ७१ वटा सम्पन्न गरेको छ ।

**सिंचाई र खानेपानी**

- प्रदेश स्थापना भएदेखि २०८१ साल माघ मसान्तसम्ममा १३,००० हेक्टर जमिनमा नयाँ सिंचाई विस्तार गरी कूल सिंचाई सुविधा पुगेको क्षेत्रफल ३,५९,९६० हेक्टर छ । ३६,००० हेक्टर सिंचित क्षेत्रमा सिचाईं प्रणालीको सुदृढीकरण भएको छ। प्रदेश भित्रका विभिन्न साना ठूला नदी गरेर ३९०.७३ कि.मि. तटबन्धको कार्य गरेको छ भने १५०० हे. जमिन उकास गरेको छ । आधारभूत खानेपानी पुगेको जनसङ्ख्या ९२.१८ प्रतिशत छ । त्यस्तै, आधारभूत सरसफाई सुविधा ९७.८३ प्रतिशत जनतामा पुगेको छ ।[११]

**उर्जा**

- कोशी प्रदेश भित्र हालसम्म जडित जल विद्युत उत्पादन क्षमता ६५० मेगावाट छ । प्रदेशमा ११,०१० परिवारले सौर्य तथा नवीकरणीय ऊर्जा उपभोग गर्दैछन् । प्रदेश सरकारले ताप्लेजुगको ७२ मेगावाटको घुन्सा खोला जलविद्युत आयोजनामा सह-लगानीका लागि बजेट विनियोजन गरेको छ (खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय, २०८१) ।

## ४.४ सुशासन र अन्तरसम्बन्धित क्षेत्र

- कोशी प्रदेश सरकारले भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना, (२०८१/८२-२०८५/८६), २०८१ स्वीकृत गरी लागू गरेको छ। कोशी प्रदेश सरकार, मन्त्रिपरिषद् सदस्यले पालना गर्नुपर्ने आचारसंहिता, २०८१ स्वीकृत गरी लागु गरेको छ।
- प्रदेश लोकसेवा आयोगका अनुसार २०८१ साल माघ मसान्तसम्ममा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका ४,६५९ पदसङ्ख्याको विज्ञापन प्रकाशन गरेको छ। आयोगले आधारभूत तहदेखि नवौं तह सम्मका कूल २,११४ पदमा पदपूर्तिका लागि उम्मेद्वार सिफारिस गरेको छ । आयोगबाट विज्ञापन भई बढुवा समितिको सचिवालयमार्फत कूल १६६ जना उम्मेद्वार बढुवाका लागि सिफारिस गरेको छ।

## ४.५ शान्ति सुरक्षा

- प्रदेश सरकारले शुरुदेखि २०८१ साल माघ मसान्तसम्ममा ९७ प्रहरी कार्यालयको भवन निर्माण गरेको छ भने २ वटा भवन निर्माणाधीन अवस्थामा छन्। ४५५ थान मोटरसाइकल, १० थान स्कुटर, ६ थान डोमिनट साथै १५ वटा चार पाङ्ग्रे सवारी साधन उपलब्ध गराएको छ। सशस्त्र प्रहरी बलतर्फ १८ वटा बोर्डर आउट पोस्ट (BOP) र ३ वटा सीमा सुरक्षा गुल्म निर्माण गरेको छ।

---

[१०] भौतिक पूर्वाधार विकास मन्त्रालयको तथ्याङ्कको आधारमा ।

[११] खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको तथ्याङ्कको आधारमा ।

# ५. सार्वजनिक वित्त व्यवस्थापन

## ५.१ राजस्व सङ्कलन तथा अनुदान प्राप्तिको अवस्था

आर्थिक वर्ष २०७४/७५ देखि गत आ.व. २०८१/८२ सम्मको अवधिमा प्रतिवर्ष प्रदेश सरकारलाई राजस्व तथा अनुदानको औसत प्राप्ति हेर्ने हो भने लक्ष्यको तुलनामा ८९.३७% प्राप्ति भएको देखिन्छ।

तालिका १ : राजस्व सङ्कलन तथा अनुदान प्राप्ति विवरण

| शीर्षक | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व.२०८० /८१ | आ.व. २०८१ / ८२ |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक राजस्व | | २५०२९ | २९६८९ | ४२४१९ | ४४८४९ | ३८१६३ | ४१६४२ | ४८९१७ |
| राजस्व बाँडफाँट | | ६८६७७ | ७७३७७.८ | ८९१३० | १००२३६ | ९१५०४ | ९२५५३ | १११३५२ |
| सङ्घ अनुदान | १०२०५ | १८४९४८ | १७९८९९ | १७६१०३ | १८४६५५ | १५७८६० | १३५३४४ | १३३०५२ |
| **जम्मा** | **१०२०५** | **२८२३४१** | **३११२४१** | **३२०५७४** | **३७१३१२** | **३५९५५३** | **३२२५५१** | **२९३३२१** |
| **लक्ष्य/प्रगति प्रतिशत** | १००% | ७८.६% | ७३.८% | ७८.४% | ११४.०% | ९०.५% | ८७.८% | ९१.९% |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर*

## ५.२. आन्तरिक स्रोत परिचालन

आर्थिक वर्ष २०७५/७६ मा २ अर्ब ५० करोड आन्तरिक राजस्व सङ्कलन भएकोमा आर्थिक वर्ष २०८१/८२ मा यो अङ्क बढेर ४ अर्ब ८९ करोड १७ पुगेको देखिन्छ । २०८१/८२ मा आन्तरिक स्रोतवाट सङ्कलन भएको उक्त राजस्व रकम वार्षिक लक्ष्यको तुलनामा ९८.२% प्रतिशत हो । यो तथ्याङ्कले आन्तरिक राजस्व सङ्कलनमा प्रदेशले उल्लेख्य प्रगति गरेको छ ।

**तालिका २ : कोशी प्रदेशको आन्तरिक राजस्व सङ्कलनको स्थिति (रकम रू.लाखमा)**

| विवरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | ०८१/८२ |
| **सवारी साधन कर** | ७७९६ | ७८८२ | ११२५३ | ११९३२ | ११९४६ | १३८९३ | १५३७५ |
| **व्यवसाय रजिष्ट्रेशन दस्तुर** | ९१२ | ८६९ | १४२३ | ९५२ | ६५१ | ८५५ | ८५६ |
| **यातायात क्षेत्रको आम्दानी (दर्ता, अनुमति)** | ४७१८ | ३९३२ | ४५९१ | ६७४० | ७०१५ | ६१२१ | ७०१९ |
| **शुल्क/ जरिवाना** | ४२२ | ७५७ | ४२२ | १३७५ | १८५६ | २४१२ | ३७८० |
| **अनुदान/निकासा फिर्ता, बेरुजु असुली** | २३५ | ४८०३ | ७४३८ | ४४९३ | ४८४० | ३२०० | ४७९७ |
| **स्थानीय तहवाट प्राप्त** | २४८१ | १९९६ | ३३९४ | २८४९ | १५९२ | २५९४ | ३२३० |
| **घरजग्गा रजिष्ट्रेशन दस्तुर** | ८४६६ | ९४५१ | १३८९७ | १६५०९ | १०२५३ | १२५६९ | १३८६० |
| **जम्मा** | **२५०२९** | **२९६८९** | **४२४१९** | **४४८४९** | **३८१५३** | **४१६४२** | **४८९१७** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर*

## ५.३ वार्षिक वजेट विनियोजन र खर्च

शुरुका वर्षमा विकासको हुटहुटी तथा खर्च आवश्यकताको दबावले गर्दा बजेटको आकार केही ठुलो हुने गरेको देखिन्छ। राजस्व सङ्कलनका आधारहरू कमजोर रहेका तथा सङ्घबाट प्राप्त हुनुपर्ने अनुदान पनि अनुमान भन्दा कम प्राप्त हुने स्थितिले पछिल्ला बर्षमा भने बजेटको आकार ठिक्क आकारको र कार्यान्वयनयोग्य हुँदै गएको देख्न सकिन्छ।

प्रदेश स्थापनाको शुरुका वर्षहरूमा बहुवर्षीय आयोजनाको अध्ययन तयारी तथा ठेक्का प्रक्रियामा लाग्ने समयले गर्दा उल्लेख्य पुँजीगत खर्च हुन नसकेको देखिन्छ। तर, पछिल्ला आर्थिक वर्षहरूमा भने खर्च प्रगति ७५% भन्दा बढीले हुने गरेको तथ्याङ्कले देखाउँछ। यो प्रगति प्रतिशत पुँजीगत तथा समग्र खर्च दुवैको हो ।

यो खर्चको समग्र स्थितिलाई अन्य प्रदेशसँग तुलना गरी हेर्ने हो भने अन्य सबै प्रदेशभन्दा कोशी प्रदेशमा खर्च प्रगति बढी हुने गरेको देखिन्छ।

तालिका ३ : प्रदेश सरकारको वार्षिक वजेट र खर्च विवरण (रकम रु. लाखमा)

| शीर्षक/ आर्थिक वर्ष | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा विनियोजन | १०२०५ | ३८४९२५ | ४३७१७३ | ४३४०८६ | ३४७६०९ | ३९९२७५ | ३६८१९१ | ३५२७९३ |
| जम्मा खर्च | ६५२९ | २१२०२९ | २९८३३२ | २७९५१३ | २९९६६४ | ३०७५७८ | २८०२७५ | २८४५१४ |
| पूँजीगत खर्च प्रगति | ६१.९% | ५२.४ % | ७९.४% | ६१.६% | ८९.८% | ७६.६% | ७८.३% | ७९.३% |
| जम्मा खर्च प्रगति | ६४.० % | ५५.१ % | ७०.७ % | ६८.३ % | ८६.२ % | ७७.० % | ७६.१ % | ८०.६% |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर ।

तालिका ४ : सातै प्रदेशहरूको विनियोजनको तुलनामा समग्र खर्च प्रतिशतको विवरण (प्रतिशतमा)

| आर्थिक वर्ष | कोशी | मधेश | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| २०७७/७८ | ६८.३ | ६७.१ | ६९.४ | ७३.५ | ८२ | ६७.४ | ६६.३ |
| २०७८/७९ | ८६.२ | ६४.२ | ६५.८ | ७०.३ | ७० | ६६.४ | ६६.३ |
| २०७९/८० | ७७.०३ | ५७.१४ | ६६.०६ | ६५.७६ | ७०.६८ | ६८.२४ | ६५.३३ |
| औसत खर्च प्रतिशत | ७७.१७ | ६२.८१ | ६७.०८ | ६९.८५ | ७४.२२ | ६७.३४ | ६५.९७ |

स्रोतः महालेखा परीक्षकको वार्षिक प्रतिवेदन।

## ५.४ प्रदेशबाट स्थानीय तहमा गरिएको वित्तीय हस्तान्तरण

| तालिका ५ : प्रदेश सरकारबाट स्थानीय तहमा गरिएको हस्तान्तरण (रकम रु. लाखमा) | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक वर्ष | समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | जम्मा |
| २०७४/७५ को बाँकी अवधि | | १९७२ | | | १९७२ |
| २०७५/७६ | ५००० | ३१५३१ | | | ३६५३१ |
| २०७६/७७ | १०००० | २९७१४ | १४११६ | ४४१७ | ५८२४७ |
| २०७७/७८ | १०००० | ५६२४ | १३०८४ | | २८७०८ |
| २०७८/७९ | १०००० | १६४५० | १२६०८ | | ३९०५८ |
| २०७९/८० | ८७५५ | १५७६३ | १०९५१ | | ३५४६९ |
| २०८०/८१ | १०००० | १२६११ | १०४१८ | | ३३०२८ |
| २०८१/८२ | १०००० | २०६९३ | १४८९८ | | ४५५९१ |
| स्रोतः- प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर। | | | | | |

प्रदेश सरकारले आफ्नो वार्षिक बजेट विनियोजनको करिब दश प्रतिशतको हाराहारीमा स्थानीय तहमा अनुदान हस्तान्तरण गर्ने गरेको छ । यी अनुदानहरूमध्ये वित्तीय समानीकरण अनुदान निःशर्त हस्तान्तरण गरिने हुँदा विनियोजन बमोजिम हस्तान्तरण हुने, तर समपुरक र सशर्त अनुदान भने खर्च प्रगतिको आधारमा निकासा हुने भएकाले विनियोजन अनुसारकै हस्तान्तरण नहुन सक्छ। प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगरबाट प्राप्त तथ्याङ्क अनुसार स्थानीय तहमा गरिएको वित्तीय हस्तान्तरणको विवरण तालिका ५ मा देखाइएको छ।

## ५.५ आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट विनियोजन सम्बन्धि विवरण

| तालिका ६ : प्रदेशको आ.व. २०८२/८३ को बजेट विवरण | | | | |
|---|---|---|---|---|
| विवरण | कुल बजेट | चालु | पूँजीगत | वित्तीय हस्तान्तरण |
| रकम रु (लाखमा) | ३५८७९९ | १९९४०३ | १५९३९५ | ४७०७२ |
| प्रतिशत | | ५५.५८ | ४४.४२ | १३.११ |
| स्रोत : प्रदेशको आ.व. २०८२/८३ को बजेट वक्तव्य | | | | |

आर्थिक वर्ष २०८२/८३ को बजेट विवरण अनुसार, प्रदेश सरकारले कुल ३५८ अर्ब ७९ करोड ९९ लाख रुपैयाँको बजेट प्रस्तुत गरेको छ। जसमा चालु खर्चको हिस्सा सबैभन्दा ठूलो ५५.५८ प्रतिशत छ। पुँजीगत खर्चको हिस्सा ४४.४२ प्रतिशत रहे पनि विकास निर्माण तथा भौतिक पूर्वाधार विस्तारको अपेक्षामा यो हिस्सा अपर्याप् छ। वित्तीय हस्तान्तरणको अंश जम्मा १३.११ प्रतिशत छ। स्थानीय तहसँगको विकास र सेवा प्रवाहमा समन्वय तथा सहकार्यलाई मजबुत पार्नमा बजेटको यो अंशले सहयोग पुर्याउनेछ।

| तालिका ७ : आ.व. २०८२/८३ को बजेटको स्रोत अनुमान (रकम रु. लाखमा) | |
|---|---|
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने समेत) | ५५००० |
| सङ्घीय राजस्व बाँडफाँटबाट प्राप्त हुने | १२३९६० |
| रोयल्टी बाँडफाँटबाट प्राप्त हुने | ३५०६ |
| वित्तीय समानीकरण अनुदान | ८९८३४ |
| संघीय सशर्त अनुदान | ४५७१० |

| | |
|---|---|
| संघीय समपुरक अनुदान | ३९१७ |
| संघीय विशेष अनुदान | ५५७२ |
| नगद मौज्दात (आ.व. ०८१/८२ बाट वचत अनुमान ) | ३१३०० |
| **जम्मा रु.** | **३५८७९९** |
| स्रोत : प्रदेशको बजेट वक्तव्य, २०८२/८३ | |

आर्थिक वर्ष २०८२/८३ को बजेटको स्रोत विश्लेषण गर्दा प्रदेशको कुल बजेट ३५ अर्ब ८७ करोड ९९ लाख रुपैयाँ रहेको छ। जसमा सबैभन्दा ठूलो हिस्सा सङ्घीय राजस्व बाँडफाँटबाट प्राप्त हुने अनुमान (१२ अर्ब ३९ करोड) छ। जुन कुल स्रोतको करिव ३४.५४ प्रतिशत हो। दोस्रो ठूलो स्रोत प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट बाँडफाँट समेत) हो। जसको अनुमानित हिस्सा ५ अर्ब ५० करोड रुपैयाँ (१५.३३ प्रतिशत) रहेको छ। वित्तीय समानीकरण अनुदानबाट ८ अर्ब ९८ करोड प्राप्त हुने अनुमान गरिएको छ, जसले सङ्घीय सरकारबाट प्रदेशमा समता कायम गर्ने प्रयास गरेको छ । यस्तै, सङ्घीय सशर्त, समपुरक र विशेष अनुदानबाट क्रमशः ४५७, ३९ र ५५ करोड रुपैयाँ प्राप्त हुने अनुमान छ। रोयल्टी बाँडफाँटको हिस्सा भने ३५ करोड ६ लाखमा सीमित छ। साथै, अघिल्लो वर्षको बचतबाट नगद मौज्दातका रूपमा ३ अर्ब १३ करोड रुपैयाँ समावेश गरिएको छ। स्रोत संरचना हेर्दा प्रदेश सरकार सङ्घीयता निर्भरता उच्च रहेको र आन्तरिक परिचालन कमजोर रहेको हुँदा वित्तीय आत्मनिर्भरता अभिवृद्धिका लागि अझै गम्भीर प्रयास आवश्यक रहेको देखिन्छ।

## ५.६ सार्वजनिक निजी साझेदारीका विषयहरू

कोशी प्रदेश सरकारले राष्ट्रिय तथा अन्तरराष्ट्रिय निजी लगानीलाई प्रोत्साहन गरी प्रदेशमा लगानी भित्राउन छुट्टै प्रदेश लगानी प्राधिकरणको गठन गरेको छ । लगानी प्राधिकरणको प्रयासमा कोशी प्रदेशमा १ वटा आयोजना सार्वजनिक निजी साझेदारीमा हाल सञ्चालनमा रहेको छ । लगानी दायरालाई अझै फराकिलो बनाउन र ठूलो आकारको लगानी भित्राउन हाल कोशी प्रदेश लगानी सम्मेलनको तयारी गरिरहेको छ ।

तालिका ८ : कोशी प्रदेशमा सार्वजनिक-निजी साझेदारीमा सञ्चालनमा रहेका आयोजना

| परियोजनाको नाम, ठेगाना | अनुमानित लागत (रू.) | निर्माण कम्पनी | विकास को क्षेत्र | संचालन प्रक्रिया | हालसम्मको प्रगति अवस्था |
|---|---|---|---|---|---|
| भेडेटार स्काई वाक परियोजना, साँगुरीगढी गा.पा.६,भेडेटार | २० करोड | श्री वन्डर्स एमुन्जमेन्ट पार्क्स एण्ड एट्राक्सन्स प्रा.लि., बुढीगंगा गाउँपालिका-१, मोरङ्ग । | पर्यटन | सार्वजनिक निजी साझेदारी (बुट मोडल) | २०८१/०४/११ गते देखि सञ्चालनमा आएको । |
| स्रोतः प्रदेश लगानी प्राधिकरण, विराटनगर। | | | | | |

## ५.७ वित्तीय सुशासन प्रवर्द्धन र प्रशासनिक खर्च सुधारका प्रयासहरू

प्रदेश सरकारले आन्तरिक स्रोत परिचालन तथा सार्वजनिक कोषबाट हुने सबै प्रकारका खर्चलाई प्रभावकारी बनाई वित्तीय अनुशासन कायम आर्थिक कानुनहरूको निर्माण, कानूनमा सामयिक सुधार, मार्गदर्शनहरू निर्माण, कानूनको परिपालनमा कडाई, बजेट नियन्त्रण, आन्तरिक नियन्त्रण प्रणाली लागू जस्ता उपायहरू अपनाएको छ।

- योजनावद्ध विकास प्रयास स्वरूप हाल दोश्रो प्रदेश आवधिक योजना २०८१/८२- २०८५/८६ कार्यान्वयनमा रहेको छ । प्रदेशले आवधिक योजनालाई बजेटसँग जोड्नका लागि मध्यमकालीन खर्च संरचना कार्यान्वयनमा ल्याएको छ।
- वर्तमान संविधानले प्रदेशको एकल अधिकारको रूपमा प्रदत्त गरेका अधिकारले दिएको विषयक्षेत्र तथा साझा अधिकार सूचीमा सङ्घ सरकारले तय गरेका मापदण्डका आधारमा प्रदेशस्तरीय आयोजनाहरूको पहिचानका लागि प्रदेशस्तरीय आयोजना छनोट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० कार्यान्वयनमा ल्याएको छ ।
- प्रदेशको प्राथमिकता प्राप्त तथा कार्यान्वयनयोग्य र तयारी आयोजना मात्र बजेटमा समावेश हुने सुनिश्चितताका लागि कोशी प्रदेश आयोजना बैङ्क सञ्चालनमा ल्याएको छ ।

- सञ्चित कोष बाहेक अन्य सबै प्रकारका सरकारी कोषबाट हुने खर्च व्यवस्थित गरी विनियोजन ऐन बाहेक अन्य तवरले हुने खर्चलाई निरुत्साहित गरेको छ । प्रदेशमा अस्तित्वमा रहेका सबै कोषको अध्ययन गरी जरुरी बाहेक अन्य सबै कोष खारेज गर्ने नीति प्रदेश सरकारले लिएको छ ।
- प्रदेश आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शनले प्रदेशका सबै मन्त्रालय/निकायले आफ्नो आन्तरिक प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था गरेको छ ।
- कोशी प्रदेशले प्रशासनिक खर्च सुधारका लागि उल्लेख्य प्रयास गरेको छ । सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ ले प्रायःजसो सबै प्रकारका प्रशासनिक तथा कार्यक्रम खर्चलाई व्यवस्थित गरेको छ । सङ्घ सरकारले जारी गरेको कार्यसञ्चालन निर्देशिकाले प्रशासनिक खर्च नियन्त्रणका लागि गरेका व्यवस्थामा कतिपय मापदण्ड लचिलो हुने गरेकामा कोशी प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्डले बढी व्यवस्थित र नियन्त्रित गरेको छ ।

# ६. प्रदेश सभासम्बन्धी विवरण

कोशी प्रदेश सभामा कुल प्रतिनिधित्व सङ्ख्या ९३ रहेको छ। जसमध्ये ५६ जना सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट प्रतिनिधित्व गर्दछन्, भने ३७ जना सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था छ । प्रदेश सभाको काम कारवाहीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नको लागि मिति २०७४ साल माघ १७ गते प्रदेश सभा सचिवालयको स्थापना भएको छ ।

**विषयगत समितिहरू**

प्रदेश सभा नियमावली २०७४ को नियम १३१ वमोजिम ७ वटा विषयगत समिति गठन गरिने व्यवस्था छ। कोशी प्रदेश सभामा तालिका ९ मा उल्लेख भएबमोजिम कार्यक्षेत्र सहितका विषयगत समिति रहेका छन्।

तालिका ९ : कोशी प्रदेश सभामा कार्यक्षेत्र सहितका विषयगत समितिहरू

| क्र. सं. | समितिको नाम | सदस्य सङ्ख्या | कार्यक्षेत्र |
|---|---|---|---|
| १. | न्याय, प्रशासन तथा विधायन समिति | १२ | आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रत्यायोजित विधायन, मुख्य न्यायाधिवक्ताको कार्यालय समेत |
| २. | सुशासन तथा योजना समिति | १२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, सुशासन अनुगमन तथा योजना |
| ३. | अर्थ समिति | ११ | आर्थिक मामिला तथा योजना मन्त्रालय, बैंक, बित्त तथा बीमा |
| ४. | सार्वजनिक लेखा समिति | १० | प्रदेशको सार्वजनिक लेखा सम्बन्धी |
| ५. | सामाजिक विकास समिति | १२ | भूमि, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उपभोक्ता हित सम्बन्धी |
| ६. | उद्योग, पर्यटन तथा वातावरण समिति | १३ | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय |
| ७. | प्राकृतिक श्रोत तथा पूर्वाधार विकास समिति | १२ | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, प्राकृतिक साधन श्रोत |

## ६.१ प्रदेश सभाको पहिलो कार्यकाल (२०७४-२०७९)

प्रदेश सभाको पहिलो कार्यकालमा कुल ९३ सदस्यमध्ये ६१ जना पुरुष र ३२ जना महिलाले प्रतिनिधित्व गरेका थिए । ३० जना महिला समानुपातिक निर्वाचन प्रणालीबाट सभामा प्रतिनिधित्व गरेका थिए । प्रदेशसभाको पहिलो कार्यकालका सदस्यहरूको नामावली अनुसूची ७ मा छ ।

प्रदेश सभाको पहिलो कार्यकालमा जम्मा १० वटा अधिवेशनहरूमा कुल २९४ वटा बैठक भएको थियो भने जम्मा ३६६ घण्टा ४५ मिनेट बैठक बसेको थियो । प्रदेश सभाको पहिलो कार्यकालमा ६४ वटा विधेयकहरू दर्ता भई ६२ वटा विधेयक पारित भएका थिए (अनुसूची ५) ।

## ६.२ कोशी प्रदेश सभाको दोस्रो कार्यकाल (२०७९ देखि २०८१ फागुन २७ गते सम्मको)

प्रदेश सभाको दोश्रो कार्यकालमा ३३ जना महिला तथा ६० पुरुष सदस्य रहेका छन् । २ जना महिला पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अर्थात प्रत्यक्षबाट निर्वाचित भएका छन् । प्रदेशसभाको दोस्रो कार्यकालका सदस्यहरूको नामावली अनुसूची ८ मा छ ।

मिति २०७९।०९।१७ गतेबाट प्रदेश सभाको दोस्रो कार्यकाल सुरू भएको हो। मिति २०८१ फागुन २७ गते सम्मको अवधिमा छ वटा अधिवेशनहरू र एउटा विशेष अधिवेशन समेत सम्पन्न भएको छ । जसमा कुल ९३ वटा बैठक सम्पन्न भएको छ। यसमा कुल बैठक समय १६० घण्टा २९ मिनेट ४७ सेकेण्ड रहेको छ ।

दोश्रो कार्यकालको छैटौं अधिवेशनको अन्त्यसम्ममा कुल २७ वटा विधेयकहरू दर्ता भई १९ वटा विधेयक पारित र प्रमाणीकरण भएको छ (अनुसूची ६) ।

# ७. तहगत अन्तरसम्बन्ध

## ७.१ प्रदेश समन्वय परिषद्का बैठक र महत्वपूर्ण निर्णयहरू

शासकीय प्रवन्धका विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रदेश समन्वय परिषद्का हालसम्म ६ वटा बैठकबाट ४७ वटा महत्वपूर्ण निर्णय गरी कार्यान्वयन गरेको छ।

तालिका १० : प्रदेश समन्वय परिषद्का बैठक र महत्वपूर्ण निर्णयहरू

| क्र.सं. | बैठक मिति | निर्णय सङ्ख्या | महत्वपूर्ण निर्णयहरू |
|---|---|---|---|
| १ | २०७५।६।१७ | ५ | प्रदेश समन्वय परिषद्को बैठक सम्बन्धी कार्यविधि, २०७५ को मस्यौदा स्वीकृत गर्ने। |
| २ | २०७६।२।१७ | ६ | प्रदेश तथा स्थानीय तहको अधिकार र कार्यक्षेत्रलाई आपसी सहकार्य र साझेदारी स्थापित गर्दै प्रयोग र सम्पादन गर्ने । |
| ३ | २०७६।९।२८-२९ | २० | प्रदेशका स्थानीय तहले आ-आफ्नो जिम्मेवारीलाई योजना,नीति, कानून, कार्यक्रम तथा संस्थागत सुदृढीकरणका माध्यमबाट पूरा गरी प्रदेशको विकास र समृद्धिमा योगदान गर्ने। |
| ४ | २०७९।२।२४ | ३ | परिषद्को बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ स्वीकृत गर्ने । |
| ५ | २०८०/२/०४ | ५ | वार्षिक नीति तथा कार्यक्रममा प्रदेश र स्थानीय तहको आवश्यक्ता तथा प्राथमिकताका आयोजना एवं कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिने गरी समन्वयात्मक रूपमा कार्यसम्पादन गर्ने। |
| ६ | २०८१/१/२० | ८ | परिषद्लाई अझ वढी क्रियाशिल गराउन परिषद्को ९ वटा विषयगत समिति गठन गर्ने। |
| ७ | २०८१/१२/२६ | १० | परिषद्लाई अझ वढी क्रियाशिल गराउन परिषद्को विषयगत समितिको कार्यशर्त सहितको कार्यविधि तयार गर्ने लगायतका निर्णय भएको। |

## ७.२ स्थानीय तहसँग जोड्ने अन्य विषयगत समिति

- सङ्घीयता कार्यन्वयन, अध्ययन तथा अनुगमन संसदीय विषेश समितिको प्रतिवेदन, २०७९ को सिफारिस बमोजिम प्रदेश र स्थानीय तहको प्रशासनिक अन्तरसम्बन्धका लागि २०८०/१/२० गते प्रमुख सचिवको संयोजकत्वमा प्रदेश समन्वय परिषद्का सदस्य रहने निकायका कार्यकारी प्रमुख सदस्य रहने २० सदस्यीय समिति गठन भएको छ।
- कोशी प्रदेश सरकारबाट गठित उच्चस्तरीय प्रशासन सुधार कार्यदलको प्रतिवेदन, २०८० ले प्रशासनिक समन्वय समिति" लाई अधिकतम परिचालन गर्ने सिफारिश भए बमोजिम १४ जिल्लाबाट जिल्ला समन्वय अधिकारी र १३७ स्थानीय तहबाट प्रमुख प्रशासकीय अधिकृत सदस्य रहने गरी प्रदेश प्रशासनिक समन्वय परिषद् गठन गरेको छ । हालसम्म उक्त परिषद्को दुई वटा बैठक सम्पन्न भएको छ ।

## ७.३ प्रदेश प्रदेशका बीचमा भएका छलफल

- २०७५ साल भदौ महिनामा पोखरामा भएको सातै प्रदेशका मुख्यमन्त्रीको बैठक तथा सो यताका अन्तरप्रदेश मुख्यमन्त्री भेला/बैठकमा कोशी प्रदेशले निरन्तर सहभागी भइरहेको छ। बैठकमा प्रदेशका साझा सवालमाथि छलफल गरी विभिन्न निर्णय भएका छन्। छलफलका विषयमा प्रहरी समायोजन, प्रदेशको अधिकार क्षेत्रका विषयका राजस्व प्राप्तिमा कठिनाई भएका विषय, निजामती सेवा ऐन छिटो जारी गर्नुपर्ने जस्ता विषय रहेका छन्। चालु आ.व. २०८१/८२ मा कोशी प्रदेशले मुख्यमन्त्री सम्मेलनको तयारी गरिरहेको छ।[१२]

[१२] मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दिएको जानकारीको आधारमा ।

❖ धनकुटा जिल्लाको हिलेमा २०७९ साल भाद्र २१ देखि २२ गतेसम्म राष्ट्रिय सभाका अध्यक्ष तथा सातै प्रदेशका तत्कालीन सभामुख, उपसभामुख तथा प्रदेश सभा सचिव समेतको सहभागितामा सङ्घीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक अन्तरप्रदेश समीक्षात्मक गोष्ठी /कार्यक्रम सञ्चालन गरी सङ्घ सरकार तथा प्रदेश सरकार बीचको सम्बन्ध तथा समन्वयका सन्दर्भमा १६ बुँदे निश्कर्ष सहित कार्यक्रम सम्पन्न गरेको छ।

# ८. प्रमुख सुधारका क्षेत्र तथा चुनौतिहरू

कोशी प्रदेश सरकार स्थापनाकालदेखि नै विभिन्न चुनौतिको सामना गर्दै, आइपरेका समस्यासँग जुध्दै हालसम्मको अवस्थामा आइपुगेको छ। प्रदेश सरकारको संरचना निर्माण, कर्मचारी व्यवस्थापन, कानूनी व्यवस्थाको अभाव, राजनीतिक अस्थिरता, सरकार गठन र विघटनको शृङ्खला, राजधानी र प्रदेश नामाकरणको विवाद जस्ता अनेकन उल्झन झेलेको कोशी प्रदेश सरकारको सामुन्नेमा अहिले पनि अनेकन चुनौति र समस्या छन्। तिनलाई बुँदागत रूपमा देहाय वमोजिम प्रस्तुत गरिएको छ ।

## ८.१ प्रमुख सुधारका क्षेत्र

**राजनीतिक सुधारका क्षेत्र**

- राजनीतिक अस्थिरताको कारण सरकार स्थापनाको ७ वर्षभित्र ९ वटा सरकार गठन हुनु यसैको उदाहरण हो। वाराम्वार सरकार परिवर्तन हुँदा सरकारका नीति र विकासका प्राथमिकतामा असर पर्ने गरेको छ।
- सङ्घीय सरकार र राजनैतिको दलको केन्द्रीय नेतृत्वको निर्णयले प्रत्यक्ष प्रभाव पार्ने गरेको छ। जसले गर्दा प्रादेशिक प्राथमिकता र आवश्यकताका विषयहरू ओझेलमा पर्ने गरेका गुनासो सुनिन्छ। संविधान प्रदत्त प्रदेशको कतिपय अधिकार सङ्घ सरकारबाट प्रयोग भईरहेकोमा सो हस्तान्तरण गराउन पर्याप्त पहल/सौदावाजी हुन नसकेको आरोप लाग्ने गरेको छ।
- पर्याप्त अध्ययन अनुसन्धान विश्लेषण नगरी संरचना स्थापना गर्दा कतिपय संरचनाहरूको औचित्य स्थापित हुन नसकेको र ती संरचनाहरू प्रदेश सरकारको खर्चका एकाईका रूपमा मात्र स्थापित हुँदै गएको देखिएको छ।

**नीतिगत सुधारका क्षेत्र**

- नेपालको संविधानको अनुसूची-६ बमोजिमको एकल अधिकारका विषयमा आवश्यक सबै कानुनहरू बन्न सकेका छैनन्। बनेका कानुन पनि पर्याप्त अध्ययन विश्लेषण तथा गृहकार्य नगरी र कार्यान्वयनयोग्यता समेत परीक्षण नगरी बन्ने गरेका बुझिन्छन्। कानून निर्माण गर्दा सङ्घ सरकारकै कानूनबाट साभार गर्ने अभ्यास छ। कानून तर्जुमामा क्षमतावान् जनशक्तिकै अभाव रहेको छ।
- प्रदेशको कार्यक्षेत्रभन्दा वाहिर रहेर संघीय सरकारका प्रहरी कार्यालय, अदालत, मालपोत, नापी कार्यालय, जिल्ला प्रशासन कार्यालय समेतमा बजेट बिनियोजन हुने अभ्यास छ। महालेखापरीक्षकको कार्यालयले वार्षिक प्रतिवेदनमा यसरी कार्यक्षेत्रभन्दा बाहिर बजेट विनियोजन नगर्न सुझाव दिने गरेको भएतापनि वार्षिक बजेट तथा कार्यक्रम हेर्दा यो प्रवृत्ति वर्षेनि दोहोरिएको देखिन्छ।

**प्रशासनिक सुधारका क्षेत्र**

- संघीय निजामती सेवा ऐन हालसम्म तर्जुमा हुन नसक्दा कोशी प्रदेश निजामती सेवा ऐनका कतिपय प्रावधान कार्यान्वयन भएको छैन।(जस्तोः- प्रदेश सचिव, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाको रहने प्रदेश निजामती सेवाको व्यवस्था अलपत्र परेको छ।)
- कर्मचारी समायोजन ऐन, २०७५ को व्यवस्था बमोजिम सङ्घ सरकारले प्रदेश सचिव कामकाजमा खटाउने गरेको छ। सङ्घ सरकारको अव्यवस्थित र अनियमित सरुवाले प्रादेशिक योजना, निर्णय कार्यान्वयनमा ढिला हुने गरेको गुनासो सुनिन्छ।
- प्रदेशका निर्णयमा प्रत्यक्ष संलग्न रहने पदहरू (शाखा अधिकृत, उपसचिव) मा सङ्घबाटै कामकाजमा खटिई आएका कर्मचारीको संख्या अधिक छ। निजहरू आफ्नो सहजताका आधारमा मात्र प्रदेशमा बस्ने प्रवृत्तिले प्रदेश मन्त्रालयका नीति, योजना, कार्यक्रम, काम कारवाही प्रत्यक्ष प्रभावित बनेका देखिन्छन्।
- प्रदेश निजामती सेवा ऐनमा रहेका अस्पष्टता र द्विविधाका कारण कर्मचारीको स्थायी नियुक्ति, छनौट, सरुवा, बढुवा लगायतका विषयमा अदालतमा मुद्दाका चाङ लाग्दा प्रदेश लोक सेवा आयोगका कामकारवाही समेत प्रभावित हुने गरेका छन्। यसले गर्दा प्रदेश निजामती सेवाको पदपूर्तिमा समस्या सिर्जना भएको छ।

**वित्तीयः योजना तथा बजेटमा सुधारका क्षेत्र**

- प्रदेशको आन्तरिक राजस्व बढ्दै गएको देखिएतापनि श्रोतको परिचालन कमजोर छ। प्रथमतः अधिकार नै कम रहेको। दोश्रोः प्राप्त अधिकारमा पनि प्रदेशले करका सम्भावित क्षेत्र पहिचान गरी परिचालन गर्न सकेको छैन। (जस्तोः- कृषि आय कर, विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन शुल्क)

- ❖ सङ्घ सरकारले हस्तान्तरण गर्दै आएको समानीकरण अनुदान रकम निरन्तर घटाउँदै लगेको देखिन्छ। राजस्व बाँडफाँडबाट प्राप्त हुने भनिएको रकममा पनि कटौती हुँदा प्रदेशको भुक्तानी दायित्वमाथि स्वभाविक चाप पर्ने गरेको छ। बार्षिक बजेटको आकार बढ्नुपर्नेमा घट्दै गएको छ।
- ❖ आवधिक योजना ०८१/८२- ०८५-८६ कार्यान्वयनमा रहेको र सो लाई बजेटमा जोड्ने मध्यमकालीन खर्च संरचना (MTEF) भएतापनि MTEF को पालना गर्ने अभ्यास छैन। आयोजना बैंक सम्बन्धी कार्यविधि बनेतापनि आयोजना बैंक पुर्णतः सञ्चालनमा आउन सकेको देखिँदैन। वार्षिक बजेटमा आयोजनाहरूमा बजेट छरिने परिपाटीले परिणाममुखी काम देखिन नसकेको।
- ❖ तथ्याङ्कले बहुवर्षीय आयोजनाहरूको दायित्व अधिक रहेको दर्शाउँछ। बहुवर्षीय आयोजनामा पर्याप्त रकम बिनियोजन गर्न नसक्दा आयोजना समयमा सम्पन्न हुनमा कठिनाई देखिएको छ।

**स्थानीय तहसँगको सम्बन्धमा सुधारका क्षेत्र**

- ❖ स्थानीय तहमा मार्फत कार्यान्वयन हुने सशर्त अनुदान सम्बन्धी कार्यक्रम/आयोजनाहरू स्थानीय तहको मागमा आधारित नहुने गरेको गुनासो सुनिने गरिएको छ।
- ❖ स्थानीय तहसँग सम्पर्क र समन्वयको छुट्टै संरचना र संयन्त्र नहुँदा स्थानीय तहबाट कार्यान्वयन हुने प्रादेशिक योजना तथा कार्यक्रमको प्रगति नियमित लिने अद्यावधिक गर्ने विषयमा समस्या रहेको छ।
- ❖ स्थानीय तहमा प्रादेशिक योजना एवं कार्यक्रम कार्यान्वयनमा न्यून प्राथमिकता दिने प्रवृत्तिलाई न्यून गर्ने गरी जिम्मेवारी र जवाफदेही बनाउन सकेको देखिँदैन ।
- ❖ प्रदेश निजामती किताबखानाले राम्रोसँग काम गर्न नसक्दा स्थानीय तहको कार्यालय दर्ता तथा कर्मचारी दर्ता सम्बन्धी कार्य भएको छैन।

## ८.२ मुलभूत चुनौति

- ❖ प्रदेशलाई आफ्नो औचित्य पुष्टि गर्नु सबैभन्दा ठुलो चुनौति हो। संविधानले अधिकार नै कम दिएको, (जस्तोः- राजस्वको अधिकारको सिमितता), प्राप्त अधिकार कार्यान्वनयका विषयमा पनि सङ्घ सरकार अनुदार रहने (जस्तोः प्रहरी समायोजन, गुठी व्यवस्थापन), प्रदेशको कमजोर श्रोतले देखिने गरिको ठोस विकास निर्माणका कार्य हुन नसकेको, विकासको हब बन्नुपर्ने प्रदेश सरकार कनिके बजेटमा अलमलिएको भन्ने जस्ता प्रश्नहरूबाट मुक्त भई आफ्नो उपस्थितिको औचित्य पुष्टि गर्न प्रदेश सरकारलाई चुनौति देखिएको छ ।
- ❖ नागरिकको विकासको अपेक्षा पुरा गर्नु। प्रदेश सरकारले आ.व. ०८२/८३ देखि कार्यान्वयनमा लैजाने गरी आयोजना बैंकमा समावेश गर्न प्रदेशस्तरीय आयोजना माग गर्दा १५ हजार भन्दा बढी आयोजना प्राप्त भएको स्थिति छ (प्रदेश योजना आयोग) । यसले नागरिकको सरकारप्रतिको अपेक्षा कति छ, भन्ने देखाउँछ। आफ्नो सिमित क्षमता र श्रोत परिचालन गरेर नागरिकको अपेक्षा पुरा गर्नु, प्रदेश सरकारलाई चुनौतीपूर्ण छ।

# ९. निष्कर्ष र सुझाव

## ९.१ निष्कर्ष

नेपालको संविधानले नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने भनि गरेको व्यवस्था अनुरूप प्रदेश संरचनाको स्थापना भएको हो । २०७४ साल मंसिर महिनामा भएको प्रदेश सभाको निर्वाचन पश्चात् २०७४ माघ २२ गते प्रदेश सभाको पहिलो बैठक बस्नुका साथै २०७४ फागुन ३ गते प्रदेश सरकार (मन्त्रिपरिषद्) गठन भएसँगै प्रदेश संरचना कार्यान्वयनमा आएको हो । प्रदेश सरकार स्थापना भएदेखि २०८१ साल फागुन मसान्तसम्ममा कानुन निर्माण, संरचना निर्माण, पुर्वाधार निर्माण, सामाजिक विकासका क्षेत्रका साथै स्थानीय तहको समन्वय समेतका क्षेत्रमा प्रदेशले धेरै उपलब्धि हासिल गरेको छ । कानून निर्माणमा आवश्यक पर्ने कानून निर्माण तथा प्रत्यायोजित विधायनको प्रयोग गरी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डहरू तयार गरी प्रदेशले आफ्नो शासन विकास र सेवा प्रवाहलाई व्यवस्थित गरेको छ । सुरुआतका वर्षमा सङ्घ सरकारबाट समायोजित भई आएका कर्मचारीले प्रदेशको प्रशासनिक क्षेत्र सम्हाले पनि प्रदेश लोकसेवा आयोगको गठन पश्चात् हाल प्रदेश तथा स्थानीय तहमा माग बमोजिम प्रदेश लोकसेवा आयोग मार्फत् कर्मचारीको पदपुर्ति हुने गरेको छ।

संविधानले प्रदान गरेको एकल अधिकारक्षेत्र तथा साझा अधिकारका क्षेत्रका विषयमा राजस्व परिचालन गरी आन्तरिक आयले आफ्नो प्रशासनिक खर्च धान्ने र सङ्घ अनुदानबाट विकासात्मक कार्य सञ्चालन गर्ने दिशामा प्रदेश सरकार प्रयत्नशील छ । प्रदेशले आन्तरिक स्रोत परिचालनको दायरा बढाउने प्रयास गर्दैछ। आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको आकार पनि क्रमश बढ्दै गइरहेको छ । प्रदेशले ७५ प्रतिशतभन्दा बढी पुँजीगत खर्च गर्ने गरेको छ। बहुवर्षीय ठेक्काको दायित्व उच्च (झण्डै १८ अर्ब) रहेको सन्दर्भमा स-साना टुक्रे आयोजनामा बजेट कटौति गरी बहुवर्षीय आयोजनामा मात्र बजेट केन्द्रित गर्न सकेमा यो प्रतिशत अझै बढ्ने छ। प्रदेशले कुल बजेटको करिब १० प्रतिशत रकम स्थानीय तहलाई हस्तान्तरण गर्ने गरेको छ। त्यसमध्ये पनि सशर्त अनुदानलाई क्रमशः कम गर्दै समानीकरण अनुदानमा वृद्धि गर्ने नीति लिएको छ । सह-लगानीका समपुरक आयोजनाबाट स्थानीय तहमा पुर्वाधार निर्माणको कार्य गरिरहेको छ। वित्तीय हस्तान्तरण मार्फत प्रदेश सरकार स्थानीय तहको भरथेगको आधार बनेको छ।

स्थानीय सेवा ऐनको निर्माण, स्थानीय सरकारी सेवाका कर्मचारीको सरुवा, बढुवा आदिको व्यवस्थापन, स्थानीय तहलाई आवश्यक कानून निर्माण, कानूनी तथा प्रशासनिक जटिलतामा राय/परामर्श प्रदान जस्ता कार्यबाट प्रदेश सरकारले स्थानीय सरकारलाई अभिभावकत्व प्रदान गरेको छ।

पूर्वाधार विकासतर्फ प्रदेश सरकारले २०७४ साल फागुन देखि २०८१ साल असोज मसान्तसम्ममा कूल ४५३.९२ किमि. लम्बाईका ३७ वटा बहुवर्षीय सडक, ४०३.२० किमि. सडकको ट्रयाक ओपन, १३९०.५८ किमि. सडक ग्राभेल, २४.०६ किमि आर.सिसि. सडक र ६०८.२७ किमि. कालोपत्रे सडक, ९३ वटा पक्की पुल र २२२ वटा झोलुङ्गे पुल समेतको निर्माण गरेको छ। यसैगरी २०८१ साल माघ मसान्तसम्ममा १३,००० हेक्टर जमिनमा नयाँ सिंचाई विस्तार भई कूल सिंचाई सुविधा पुगेको क्षेत्रफल ३,१५,४५८ हेक्टर भएको देखिन्छ। ३६,००० हेक्टर सिंचित क्षेत्रमा सिचाईं प्रणालीको सुदृढीकरण गरेको छ। शिक्षा, स्वास्थ्य, लैङ्गिक विकास जस्ता सामाजिक विकासका क्षेत्रमा विषयगत रूपमा उल्लेखनीय कार्य गरेको छ।

कोशी प्रदेश सरकारले आफ्नो स्थापनाको सात वर्ष पुरा गर्दा संस्थागत संरचना, कानुन निर्माण तथा विकास निर्माणका सन्दर्भमा सकरात्मक उपलब्धि हासिल गरेको छ। तथापि, अझै पनि गर्न सकिने जति काम गर्न सकेको छैन। राजनीतिक अस्थिरताको कारण सरकार फेरबदलमा प्रदेश अलमलिएको छ। फेरिएका सरकारका बदलिँदो नीति र फेरिने प्राथमिकताले विकासमा असर परेको छ । कानून निर्माणको सङ्ख्यालाई मात्र उपलब्धि मानियो तर प्रभावकारी कार्यान्वयन भएन। प्रदेशले आफ्नो कार्यक्षेत्रमा मात्र खर्च गर्नुपर्नेमा प्रदेशको खर्चमा तालमेल मिलेको छैन। अनावश्यक संरचना निर्माण गरी खर्च बढाएको छ। सङ्घ सरकारसँग अधिकार हस्तान्तरणमा बलियो सौदावाजी गर्न सकेको छैन। प्रादेशिक प्राथमिकता पनि यकिन गर्न सकेको छैन।

## ९.२ सुझावहरू

प्रदेश सरकारमा रहेका मौजुदा समस्याहरूको समाधानका लागि तत्काल गर्नुपर्ने र दीर्घकालमा गर्नुपर्ने कार्यहरूलाई सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

### ९.२.१ तत्काल गर्नुपर्ने

- शासन, विकास र सेवा प्रवाहमा प्रदेश सरकारको नीति स्पष्ट गर्नुपर्ने । आफ्नो कार्यक्षेत्र र जिम्मेवारीमा प्रदेश स्पष्ट हुनुपर्ने।

- कानून निर्माणमा पर्याप्त समय र साधन लगाउने । साथै, मन्त्रालयगत हिसाबले निर्माण भएका सबै कानूनहरूको कार्यान्वयन योग्यताको विश्लेषण गरी आवश्यकता अनुसार संशोधन वा पुनर्लेखन गर्ने ।
- आन्तरिक राजस्वका स्रोतको परिचालनमा जोड दिनुपर्ने । वन क्षेत्रको नदी खोलाका वातावरणीय प्रभाव मुल्याङ्कन गरी ढुङ्गा गिटी वालुवा निकासी गरी आन्तरिक आम्दानी बढाउनुपर्ने । कृषि आयकर, मनोरञ्जन कर, विज्ञापन करजस्ता विषयमा पर्याप्त अध्ययन गरी कर सङ्कलनमा तिव्रता दिनुपर्ने।
- प्रदेशलाई कामकाजी बनाउन स्थापना गरिएका गठन आदेशबमोजिम स्थापित संरचनाहरूलाई जिम्मेवार र चुस्त बनाउनुपर्ने। ती संरचनाका पदाधिकारीहरूको जागीरे प्रवृत्तिलाई निरुत्साहित गर्दै संरचना स्थापनाको औचित्य पुष्टि हुने गरी कार्य गर्नुपर्ने अन्यथा खारेज गरी ती संरचनाले गर्ने कार्य सम्बन्धित मन्त्रालयकै शाखाबाट कामकाज गर्न उपयुक्त हुने।
- सङ्घ सरकारले प्रदेशका कार्यक्षेत्रका विषयमा दोहोरो पर्ने गरी आयोजना/कार्यक्रम सञ्चालन गरेकै स्वरूपमा प्रदेशले स्थानीय तहको कार्यक्षेत्रमा बजेट विनियोजन गर्न नहुने। स्थानीय तहलाई सशर्त अनुदानमा पठाइने रकम समानीकरण अनुदान मार्फत हस्तान्तरण गर्दा बढी प्रभावकारी हुने।
- वार्षिक बजेट तथा कार्यक्रममा स-साना आयोजना/कार्यक्रममा बजेट नछरिकन प्रादेशिक मापदण्डका आयोजनामा मात्र बजेट विनियोजन गर्ने। हरेक विषयगत मन्त्रालयले प्रादेशिक आयोजना पहिचान गरी आयोजना बैंकमा समावेश गर्ने। आयोजना बैंकभन्दा बाहिरबाट आयोजना बजेटमा समावेश नहुने व्यवस्थाको प्रभावकारी कार्याविन्वयन गर्ने।
- वित्तीय समानीकरण अनुदानमा जोड दिन नेपाल सरकार र सम्बद्ध निकायसँग पहल जारी राख्ने। अनावश्यक सशर्त अनुदानमाथि बन्देज लगाउन अन्य प्रदेशसँग ऐक्यबद्धतासहित समन्वय गर्ने। यसका लागि अन्तरप्रदेश परिषद् लगायतका फोरमहरूको प्रभावकारी उपयोग गर्ने।
- सङ्घीय कार्यालयका लागि प्रदेशले बजेट विनियोजन गर्ने कार्य पूर्णतः बन्द गरी सो बजेट बहुवर्षीय आयोजनामा पर्याप्त हुने गरी बिनियोजन गर्ने।
- प्रदेशले स्थानीय तहको अभिभावकत्व ग्रहण गर्न जरुरी छ। स्थानीय तहसँगको समन्वयलाई थप प्रभावकारी बनाउन स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश मार्फत खटाउन संघीय निजामती सेवामा व्यवस्था गर्न आवश्यक पहल गर्नुपर्ने।

### ९.२.२ दीर्घकालमा गर्नुपर्ने

- प्रदेश सरकारको स्थायित्वका लागि प्रदेशस्तरमा दलीय समझदारी र सहमति कायम गर्नुपर्ने । केन्द्र सरकारको सत्ता समीकरणले प्रदेशमा असर नपुर्याउने सुनिश्चित हुनुपर्ने।
- साविकका सङ्घ सरकारका जिल्ला/क्षेत्रीय कार्यालयका भवनमा हाल प्रदेश सरकारका मन्त्रालय छन् । साँघुरा भवन र छरिएका मन्त्रालयबाट कार्यसम्पादन र सेवा प्रवाहमा असर पुग्ने गरेको छ । अधिकांश प्रदेशका कार्यालय भाडामा छन् । यस अवस्थामा प्रदेशका सबै मन्त्रालय एकै कम्पाउण्डमा हुने गरी जग्गा पहिचान गरी भौतिक संरचना निर्माणका कार्य गरिनुपर्ने।
- सङ्घ सरकारले अनुदान कटौती गर्दै गईरहेको सन्दर्भमा प्रदेशले आफ्नो आन्तरिक स्रोतको पहिचान र परिचालन गरी करको दायरा विस्तार गर्दै प्रदेशको आन्तरिक क्षमता क्रमशः बढाउँदै दीर्घकालमा आत्मनिर्भर बन्नुपर्ने ।
- कोशी प्रदेशमा समय-समय उठ्ने गरेको पहिचानको आन्दोलनका कारणहरूको मिहिन अध्ययन गरी यसको व्यवस्थापनमा प्रभावकारी भुमिका निर्वाह गर्नुपर्ने र विविधतालाई विकासमा उपयोग गर्नुपर्ने ।
- प्रशस्तै सम्भावना भएको कोशी प्रदेशलाई पर्यटकीय प्रदेशको रूपमा विकास गरी पर्यटकीय गतिविधिलाई प्रदेशको आम्दानी र सम्वृद्धिसँग आवद्ध गर्ने ।

## सन्दर्भ सामाग्रीहरू


अर्थ मन्त्रालय । (२०८१) । *आर्थिक सर्वेक्षण, २०८१* । नेपाल सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । कोशी प्रदेशको बजेट वक्तव्य २०८२/०८३ । विराटनगर : कोशी प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । प्रादेशिक आर्थिक सर्वेक्षण आ.व. २०८१/०८२ । विराटनगर : कोशी प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८१) । वार्षिक विकास कार्यक्रम २०८१/०८२ । विराटनगर : कोशी प्रदेश सरकार ।

केन्द्रीय तथ्याङ्क कार्यालय । (२०७८) । *जनगणना प्रतिवेदन, २०७८* । काठमाडौं : नेपाल सरकार ।

नेपाल राष्ट्र बैंक । (२०८१) । *वार्षिक प्रतिवेदन, २०८१* । काठमाडौं : नेपाल राष्ट्र बैंक ।

नेपाल सरकार । (२०७२) । *नेपालको संविधान* । नेपाल कानुन आयोग ।

प्रदेश सभा सचिवालय । (२०८१) । *प्रदेश सभाको सात वर्ष* । विराटनगर : प्रदेश सभा सचिवालय कोशी प्रदेश ।

प्रदेश सभा सचिवालय । (२०७९) । *प्रदेश सभाको पहिलो पाँच वर्ष* । विराटनगर : प्रदेश सभा सचिवालय कोशी प्रदेश ।

महालेखा परीक्षकको कार्यालय । (२०८१) । *महालेखा परीक्षकको प्रतिवेदन, २०८१* । काठमाडौं : नेपाल सरकार ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । (२०८१) । *कोशी प्रदेश सरकारको सात वर्ष* । विराटनगर : कोशी प्रदेश सरकार ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । (२०८०) । *उच्चस्तरीय प्रशासन सुधार कार्यदलको प्रतिवेदन २०८०* । विराटनगर : कोशी प्रदेश सरकार ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग । (२०७५) । *जानकारी पुस्तिका, २०७५* । काठमाडौं : नेपाल सरकार ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । (२०२१) । *मलेरिया माइक्रो-स्ट्राटिफिकेशन प्रतिवेदन, सन् २०२१* । काठमाडौं : नेपाल सरकार ।

# अनुसूचीहरू

## अनुसूची — १

### कोशी प्रदेशका प्रदेश प्रमुखहरूको विवरण

| क्र.सं. | माननीय प्रदेश प्रमुखहरूको नाम थर | अवधि |
|---|---|---|
| १ | प्रा.डा. श्री गोविन्द बहादुर तुम्बाहाङ | मिति २०७४/१०/५ देखि २०७६/७/१७ सम्म |
| २ | श्री सोमनाथ अधिकारी प्यासी | मिति २०७६/७/१८ देखि २०७८/७/२३ सम्म |
| ३ | श्री परशुराम खापुङ्ग | मिति २०७८/७/२३ देखि |

## अनुसूची - २

### कोशी प्रदेश सरकारका मुख्यमन्त्रीहरू

| छ | पुरा नाम | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | शेरधन राई | मुख्यमन्त्री | २०७४/११/०३ | २०७८/०५/१० |
| २ | भीम प्रसाद आचार्य | मुख्यमन्त्री | २०७८/०५/११ | २०७८/०७/१५ |
| ३ | राजेन्द्र कुमार राई | मुख्यमन्त्री | २०७८/०७/१६ | २०७९/०९/२४ |
| ४ | हिक्मत कुमार कार्की | मुख्यमन्त्री | २०७९/०९/२५ | २०८०/०३/२१ |
| ५ | उद्वव थापा | मुख्यमन्त्री | २०८०/०३/२२ | २०८०/०४/१६ |
| ६ | उद्वव थापा | मुख्यमन्त्री | २०८०/०४/१७ | २०८०/०५/२१ |
| ७ | हिक्मत कुमार कार्की | मुख्यमन्त्री | २०८०/०५/२२ | २०८०/०६/२७ |
| ८ | केदार कार्की | मुख्यमन्त्री | २०८०/०६/२८ | २०८१/०१/२६ |
| ९ | हिक्मत कुमार कार्की | मुख्यमन्त्री | २०८१/०१/२७ | |

## अनुसूची - ३

### कोशी प्रदेश सभाका सभामुखहरू

| छ | पुरा नाम | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | प्रदिपकुमार भण्डारी | सभामुख | २०७४/१०/२८ | २०७९/०६/०२ |
| २ | बावुराम गौतम | सभामुख | २०७९/०९/२८ | २०८०/०४/१६ |
| ३ | अम्वर बहादुर विष्ट | सभामुख | २०८०/०९/२४ | |

## अनुसूची -४

**२०७४ फागुन ३ गते गठित कोशी प्रदेशको पहिलो सरकार (मन्त्रिपरिषद्) का सदस्यहरू**

| क्र.सं | मन्त्रीहरूको नाम थर | पद | मन्त्रालयको जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री शेरधन राई | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| २ | श्री हिक्मत कुमार काकी | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३ | श्री इन्द्र बहादुर आङ्बो | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४ | श्री जीवन घिमिरे | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ५ | श्री जगदिश प्रसाद कुसियैत | मन्त्री | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय |

## अनुसूची — ५

**प्रदेश सभाको पहिलो कार्यकालमा निर्माण भएका कानूनहरुः-**

| क्र.सं. | पारित भएका कानूनहरू |
|---|---|
| १ | प्रदेश विनियोजन ऐन, २०७९ |
| २ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७९ |
| ३ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ |
| ४ | प्रदेश विनियोजन ऐन, २०७८ |
| ५ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको ऐन, २०७८ |
| ६ | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ |
| ७ | प्रदेश सभा नियमावली (पहिलो संशोधन), २०७४ |
| ८ | प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७६ |
| ९ | प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ |
| १० | प्रदेश सार्वजनिक सडकको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ |
| ११ | प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७७ |
| १२ | प्रदेश विनियोजन ऐन, २०७७ |
| १३ | प्रदेश आर्थिक ऐन, २०७७ |
| १४ | प्रदेश नं. १ बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ |
| १५ | प्रदेश नं. १ जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ |
| १६ | प्रदेश वनको ब्यवस्था गर्नका लागि बनेको ऐन, २०७६ |
| १७ | प्रदेश औद्योगिक व्यवसायका सम्वन्धमा ब्यवस्था गर्न बनेको ऐन, २०७६ |
| १८ | प्रदेश स्तरमा फर्म दर्ता, नवीकरण तथा तत सम्वन्धी अन्य व्यवस्था गर्नका लागि बनेको ऐन, २०७६ |
| १९ | प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ |
| २० | मनमोहन प्राविधिक विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ |

| | |
|---|---|
| २१ | सार्वजनिक निजी साझेदारी तथा लगानी प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ |
| २१ | प्रदेश सवारी तथा यातायातका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ |
| २३ | प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न ऐन, २०७५ |
| २४ | विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| २५ | प्रदेश स्वायत्त संस्था गठन गर्ने सम्बन्धमा बनेको ऐन, २०७६ |
| २६ | प्रदेश लोक सेवा आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ |
| २७ | भवन निर्माण सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| २८ | प्रदेश नं.१ जाँचबुझ तथा अनुसन्धान आयोग सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ |
| २९ | प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ३० | प्रदेश विनियोजन ऐन, २०७६ |
| ३१ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको ऐन, २०७६ |
| ३३ | वृहत विराट क्षेत्र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ३४ | प्रदेश खेलकुद सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ३५ | प्रदेश सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ३६ | प्रदेश सभा सचिवालय सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ३७ | सिंचाई सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ३८ | प्रदेश घरेलु हिंसाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ३९ | प्रदेशको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ४० | प्रदेश नं १ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ |
| ४२ | प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा बनेको ऐन,२०७५ |
| ४३ | प्रदेश नं. १ सामाजिक विकास संस्था ऐन, २०७५ |
| ४४ | विपद व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ४५ | जिल्ला सभाको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ४६ | अन्तर प्रदेश वासिन्दाको सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ४७ | विनियोजन ऐन, २०७५ |
| ४८ | प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ४९ | जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ५० | विनियोजन ऐन, २०७५ |
| ५१ | प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ५२ | जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ५३ | गाँउ तथा नगर सभाका सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |

| | |
|---|---|
| ५४ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ५५ | मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ५६ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ५७ | जिल्ला सभाको संचालनका निम्ति व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ५८ | प्रदेश नं. १ आकस्मिक कोष संचालन ऐन, २०७५ |
| ५९ | गाउँ सभा र नगर सभा संचालन (कार्यविधि) ऐन, २०७५ |
| ६० | प्रदेशको सार्वजनिक लिखत प्रमाणीकरण (कार्याविधि) ऐन, २०७४ |
| ६१ | विनियोजन ऐन, २०७४ |
| ६२ | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ |

## अनुसूची - ६

**प्रदेशको दोस्रो कार्यकालको २०७९ पौष ११ देखि २०८१ फागुन २७ सम्मको अवधिमा बनेका कानूनहरू**

| क्र.सं. | पारित भएका कानूनहरू |
|---|---|
| १ | प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्ने ऐन, २०७९ |
| २ | केही प्रदेश ऐनलाई संशोधन गर्न जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्ने ऐन, २०७९ |
| ३ | प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्ने ऐन, २०७९ |
| ४ | प्रदेश निजामति सेवा ऐन, २०७९ लाई संशोधन गर्ने ऐन |
| ५ | स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्तहरू सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन |
| ६ | कोशी प्रदेश सामयिक राजश्व सङ्कलन सम्वन्धी ऐन, २०८० |
| ७ | कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन |
| ८ | आ.व. ०८०/०८१ को सेवा र कार्यको लागि प्रदेश संचित कोषबाट केहि रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन |
| ९ | कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ |
| १० | कोशी प्रदेश विनियोजन ऐन, २०८१ |
| ११ | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ लाई संशोधन गर्ने ऐन |
| १२ | केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने ऐन, २०८१ |
| १३ | प्रदेश निजामति सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन (दोस्रो संशोधन) |

| | |
|---|---|
| १४ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्वन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०८१ |
| १५ | प्रदेश जीवनाशक विषादी व्यवस्थापन गर्न बनेको ऐन, २०८१ |
| १६ | प्रदेश बीउ विजन सम्वन्धी व्यवस्था गर्न बनेको ऐन, २०८१ |
| १७ | प्रदेश भवन ऐन, २०७६ लाई संशोधन गर्ने ऐन, २०८१ |
| १८ | कोशी प्रदेश प्रदेश वातावरण संरक्षण ऐन २०७६ लाई संशोधन गर्ने ऐन |
| १९ | केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१ लाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०८१ |

## अनुसूची — ७

### प्रदेश सभाको पहिलो कार्यालयका कोशी प्रदेश सभाका सदस्य**हरू**

| क्र.स. | प्रदेश सभा सदस्यको नाम थर | स्थायी ठेगाना | प्रतिनिधि. स.स.नि.क्षे | दल |
|---|---|---|---|---|
| १ | मा. अगम लाल चौधरी | सुनसरी | ३/२ | नेपाली काँग्रेस |
| २ | मा. अम्बिका थापा | उदयपुर | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३ | मा. अम्बिर बाबु गुरुङ्ग | ओखलढुङ्गा | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४ | मा. अर्जुन राई | झापा | ५/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५ | मा. आशारत्न जबेगु | पाँचथर | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६ | मा. इन्दिरा राई | झापा | समानुपातिक | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ७ | मा. इन्द्र मणि पराजुली | धनकुटा | १/२ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ८ | मा. ईन्द्र बहादुर आङबो | पाँचथर | १/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ९ | मा. उत्तम कुमार बस्नेत | सोलुखुम्बु | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १० | मा. उपेन्द्र प्रसाद घिमिरे | मोरङ | १/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ११ | मा. उमिता विश्वकर्मा | सुनसरी | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| १२ | मा. उषाकला राई | खोटाङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १३ | मा. एकराज कार्की | झापा | २/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १४ | मा. ओम प्रकाश सरावगी | झापा | समानुपातिक | नेपाली काँग्रेस |
| १५ | मा. कला घले | उदयपुर | २/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १६ | मा. कल्पना कुमारी सरदार | मोरङ | समानुपातिक | नेपाली काँग्रेस |
| १७ | मा.काजी मान कागते | इलाम | १/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १८ | मा. कुल प्रसाद साम्बा | मोरङ | १/१ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| १९ | मा. कुसुम कुमारी श्रेष्ठ | धनकुटा | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| २० | मा. कृष्ण कुमारी राई | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २१ | मा. केदार कार्की | मोरङ | ६/२ | नेपाली काँग्रेस |
| २२ | मा. खिनु लङवा (लिम्बु) | इलाम | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २३ | मा. गणेश कुमार काम्बाङ्ग | पाँचथर | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २४ | मा. गुलेफुन मियाँ | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |

| क्र.स. | प्रदेश सभा सदस्यको नाम थर | स्थायी ठेगाना | प्रतिनिधि. स.स.नि.क्षे | दल |
|---|---|---|---|---|
| २५ | मा.गोपालचन्द्र बुढाथोकी | झापा | १/२ | नेपाले कम्युनिष्ट पार्टी (एमाले) |
| २६ | मा. चन्द्र प्रसाद श्रेष्ठ | सुनसरी | समानुपातिक | नेपाली काँग्रेस |
| २७ | मा. चुम नारायण तबदार | मोरङ | ६/१ | नेपाली काँग्रेस |
| २८ | मा. जगदिश प्रसाद कुसियैत | सुनसरी | ४/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २९ | मा. जयराम यादव | मोरङ | ५/२ | जनता समाजवादी पार्टी, नेपाल (साविक सं.स.फोरम नेपाल) |
| ३० | मा. जसमाया गजमेर (विश्वकर्मा) | झापा | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३१ | मा. जिवन घिमिरे | मोरङ | ४/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३२ | मा. ज्ञानेश्वर राजवंशी | मोरङ | ५/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३३ | मा. ज्योती सुब्बा | सुनसरी | समानुपातिक | नेपाली काँग्रेस |
| ३४ | मा. झलक बहादुर मगर | झापा | ४/१ | नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) |
| ३५ | मा. टंक आङबुहाङ लिम्बु | ताप्लेजुङ | १/२ | नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) |
| ३६ | मा. तुलसी प्रसाद न्यौपाने | संखुवासभा | १/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३७ | मा. तेजमान कन्दङवा | तेह्रथुम | १/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३८ | मा. धिरेन्द्र शर्मा | इलाम | २/२ | नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) |
| ३९ | मा. नवोदिता कुमारी चौधरी | सुनसरी | समानुपातिक | नेपाली काँग्रेस |
| ४० | मा. नारायण बहादुर मगर | उदयपुर | २/१ | नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) |
| ४१ | मा. निरन राई | धनकुटा | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४२ | मा. पदम कुमारी गुरुङ्ग | संखुवासभा | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४३ | मा. पूर्ण प्रसाद राई (याम्फु) | संखुवासभा | १/१ | नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) |
| ४४ | मा. पूर्ण प्रसाद राजवंशी | झापा | ३/२ | नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) |
| ४५ | मा. प्रताप प्रकाश हाङगाम | ताप्लेजुङ | समानुपातिक | नेपाली काँग्रेस |
| ४६ | मा. प्रदिप कुमार भण्डारी | सुनसरी | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४७ | मा. बल बहादुर साम्सोहाङ | ताप्लेजुङ | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४८ | मा. वसन्ती देवी यादव | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४९ | मा. बुद्धी कुमार राजभण्डारी | सोलुखुम्बु | १/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५० | मा. बृख बहादुर प्रधान | झापा | २/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५१ | मा. भीम प्रसाद आचार्य | सुनसरी | १/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५२ | मा. महमद ताहिर मिया | सुनसरी | ४/२ | नेपाली काँग्रेस |
| ५३ | मा. मोहन कुमार खड्का | ओखलढुङ्गा | १/२ | नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) |
| ५४ | मा. यसोदा अधिकारी | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५५ | मा. राजकुमार ओझा | मोरङ | ३/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५६ | मा. राजन राई | खोटाङ | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५७ | मा. राजिव कोइराला | सुनसरी | २/२ | नेपाली काँग्रेस |
| ५८ | मा. राजेन्द्र कुमार राई | भोजपुर | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५९ | मा. राधा थापा | झापा | समानुपातिक | जनता समाजवादी पार्टी, नेपाल (साविक सं.स.फोरम नेपाल) |
| ६० | मा. राम कुमार राई | खोटाङ | १/२ | नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) |
| ६१ | मा. राम बहादुर मगर | इलाम | २/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |

| क्र.स. | प्रदेश सभासदस्यको नाम थर | स्थायी ठेगाना | प्रतिनिधि. स.स.नि.क्षे | दल |
|---|---|---|---|---|
| ६२ | मा. राम चन्द्र लिम्बु | झापा | समानुपातिक | जनता समाजवादी पार्टी, नेपाल (साविक सं.स.फोरम नेपाल) |
| ६३ | मा. लछुमन तिवारी | तेह्रथुम | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६४ | मा. लिलम बस्नेत | सुनसरी | ३/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६५ | मा. लिला सुब्बा | धनकुटा | समानुपातिक | नेपाली काँग्रेस |
| ६६ | मा. लिला बल्लभ अधिकारी | मोरङ | २/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६७ | मा. लोक प्रसाद संग्रौला | मोरङ | समानुपातिक | नेपाली काँग्रेस |
| ६८ | मा. बसन्त कुमार बानिया | झापा | ३/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६९ | मा. बिजय कुमार विश्वास | मोरङ | ४/१ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ७० | मा. विध्यानन्द चौधरी | मोरङ | समानुपातिक | नेपाली काँग्रेस |
| ७१ | मा. बिना देवी राई | धनकुटा | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ७२ | मा. बिन्दिया कार्की | मोरङ | समानुपातिक | नेपाली काँग्रेस |
| ७३ | मा. बिमल कार्की | उदयपुर | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ७४ | मा. विष्णु तुम्बाहाम्फे | ताप्लेजुङ | समानुपातिक | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च |
| ७५ | मा. शान्ता पौडेल | मोरङ | समानुपातिक | नेपाली काँग्रेस |
| ७६ | मा. शिव नारायण गनगाई | मोरङ | २/१ | नेपाली काँग्रेस |
| ७७ | मा. शेखर चन्द्र थापा | मोरङ | समानुपातिक | नेपाली काँग्रेस |
| ७८ | मा. शेरधन राई | भोजपुर | १/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ७९ | मा. श्रीप्रसाद मैनाली | झापा | १/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ८० | मा. सन्जा कुमारी दनुवार | उदयपुर | समानुपातिक | नेपाली काँग्रेस |
| ८१ | मा. सरस्वती पोखरेल | सुनसरी | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ८२ | मा. सरिता थापा | संखुवासभा | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ८३ | मा. सर्वध्वज साँवा लिम्बु | सुनसरी | २/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ८४ | मा. सावित्रा कुमारी रेग्मी | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ८५ | मा. साबित्री जोशी | सुनसरी | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ८६ | मा. सीता थेवे | पाँचथर | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ८७ | मा. सुनिता कुमारी चौधरी | उदयपुर | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ८८ | मा. सुयर्मा राज राई | मोरङ | ३/१ | नेपाली काँग्रेस |
| ८९ | मा. सौभाग्य राई | भोजपुर | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ९० | मा. हिक्मत कुमार कार्की | झापा | ५/१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ९१ | मा. हिमाल कार्की | उदयपुर | १/२ | नेपाली काँग्रेस |
| ९२ | मा. हिराकुमार थापा | झापा | ४/२ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ९३ | मा. होम कुमारी सावाँ | ताप्लेजुङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ९४ | मा. हिमा देबी बस्नेत | धनकुटा | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |

अनुसूची -८

**प्रदेश सभाको दोस्रो कार्यकाल (वर्तमान) का कोशी प्रदेश सभाका सदस्यहरू**

| क.सं. | नाम | ठेगाना/जिल्ला | प्रतिनिधित्व क्षेत्र | दल |
|---|---|---|---|---|
| १ | मा. अमृत कुमार अर्याल | मोरङ | ५(१) | नेपाली काँग्रेस |
| २ | मा. अम्बर बहादुर विष्ट | झापा | समानुपातिक | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ३ | मा. इन्दिरा थापा | धनकुटा | समानुपातिक | नेपाली काँग्रेस |
| ४ | मा. इन्द्र मणि पराजुली | धनकुटा | १(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५ | मा. इस्राईल मन्सुरी | सुनसरी | ४(२) | नेपाली काँग्रेस |
| ६ | मा. ईन्द्र बहादुर आङबो | पाँचथर | १(२) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ७ | मा. उद्धव थापा | झापा | समानुपातिक | नेपाली काँग्रेस |
| ८ | मा. उमाकान्त गौतम | मोरङ | १(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ९ | मा. एकराज कार्की | झापा | २(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १० | मा. कमल प्रसाद जबेगु | पाँचथर | १(१) | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) |
| ११ | मा. कमला थापा मगर | झापा | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १२ | मा. कमला दर्नाल | तेह्रथुम | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १३ | मा. किशोर चन्द्र दुलाल | तेह्रथुम | १(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १४ | मा. केदार कार्की | मोरङ | ६(२) | नेपाली काँग्रेस |
| १५ | मा. खगेन सिङ हाङगाम | ताप्लेजुङ | १(२) | नेपाली काँग्रेस |
| १६ | मा. खगेश्वरी पौड्याल | ईलाम | समानुपातिक | नेपाली काँग्रेस |
| १७ | मा. खिनु लङवा (लिम्बु) | ईलाम | १(१) | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) |
| १८ | मा. गणेश प्रसाद उप्रेती | मोरङ | २(१) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| १९ | मा. गयानन्द मण्डल गनगाई | मोरङ | ५(१) | नेपाली काँग्रेस |
| २० | मा. गितादेवी रेग्मी | उदयपुर | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २१ | मा. गितारानी महतो | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २२ | मा. गीता तिम्सीना | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| २३ | मा. गोपाल तामाङ्ग | झापा | १(१) | नेपाली काँग्रेस |
| २४ | मा. गोपाल बहादुर विश्वकर्मा | झापा | समानुपातिक | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| २५ | मा. गोम्बु शेर्पा | सोलुखुम्बु | १(१) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| २६ | मा. गोविन्द गिरी | ईलाम | २(१) | नेपाली काँग्रेस |
| २७ | मा. छविलाल चुडाल | झापा | ३(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २८ | मा. जय प्रकाश चौधरी | मोरङ | ४(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २९ | मा. जिवन आचार्य | मोरङ | ६(१) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ३० | मा. ज्ञानेन्द्र सुवेदी | मोरङ | ३(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३१ | मा. डोल्मा तामाङ | सोलुखुम्बु | समानुपातिक | नेपाली काँग्रेस |
| ३२ | मा. तारा देवी ढकाल | झापा | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३३ | मा. तिल कुमार मेन्याङवो (लिम्बु) | ताप्लेजुङ | १(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३४ | मा. तिलचन पाठक | झापा | २(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३५ | मा. दुर्गा प्रसाद चापागाई | तेह्रथुम | १(२) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ३६ | मा. नम्वर लाल धिमाल | झापा | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३७ | मा. नारायण बहादुर मगर | उदयपुर | २(१) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |

| क्र.सं. | नाम | ठेगाना/जिल्ला | प्रतिनिधित्व क्षेत्र | दल |
|---|---|---|---|---|
| ३८ | मा. निरन राई | धनकुटा | १(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३९ | मा. निरा देवी खनाल | सुनसरी | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४० | मा. निर्मला लिम्बु | ताप्लेजुङ | समानुपातिक | जनता समाजवादी पार्टी नेपाल |
| ४१ | मा. नीमसरी राजवंशी | झापा | समानुपातिक | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ४२ | मा. नुरशदी वेगम | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४३ | मा. पाँच कर्ण राई | खोटाङ | १(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४४ | मा. प्रदिप कुमार सुनुवार | ओखलढुंगा | १(१) | नेपाली काँग्रेस |
| ४५ | मा. प्रेमराज थामसुहाङ | पाँचथर | समानुपातिक | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ४६ | मा. बन्दना झागर | झापा | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ४७ | मा. बाबुराम गौतम | ओखलढुंगा | १(२) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ४८ | मा. बुद्धी कुमार राजभण्डारी | सोलुखुम्बु | १(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४९ | मा. भक्ति प्रसाद सिटौला | झापा | ४(२) | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ५० | मा. भीम पराजुली | मोरङ | ४(२) | नेपाली काँग्रेस |
| ५१ | मा. भुपेन्द्र राई | खोटाङ | १(२) | नेपाली काँग्रेस |
| ५२ | मा. भुमी प्रसाद राजवंशी | झापा | ३(१) | नेपाली काँग्रेस |
| ५३ | मा. ममता तामाङ मगर | सुनसरी | समानुपातिक | नेपाली काँग्रेस |
| ५४ | मा. मान बहादुर लिम्बु | मोरङ | ३(१) | नेपाली काँग्रेस |
| ५५ | मा. मालती कुमारी लिम्बु | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५६ | मा. मिना श्रेष्ठ | सुनसरी | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५७ | मा. मैया श्रेष्ठ | पाँचथर | समानुपातिक | नेपाली काँग्रेस |
| ५८ | मा. मोहन महर्जन | झापा | समानुपातिक | नेपाली काँग्रेस |
| ५९ | मा. यसोदा कायस्थ | सुनसरी | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६० | मा. रमेश कुमार बस्नेत | सुनसरी | १(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६१ | मा. राजन किराँती | उदयपुर | १(१) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ६२ | मा. राजेन्द्र कार्की | संखुवासभा | १(१) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ६३ | मा. राजेन्द्र कुमार राई | भोजपुर | १(१) | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) |
| ६४ | मा. राधाकृष्ण खनाल | झापा | ४(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६५ | मा. राम कुमार खत्री | उदयपुर | २(२) | नेपाली काँग्रेस |
| ६६ | मा. राम प्रसाद महतो | सुनसरी | २(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६७ | मा. राम बहादुर मगर | ईलाम | २(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६८ | मा. रामदेव यादब | सुनसरी | ३(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ६९ | मा. रेवती रमण भण्डारी | सुनसरी | २(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ७० | मा. रोहित बहादुर कार्की | सुनसरी | ३(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ७१ | मा. लखि कुमारी गणेश | झापा | समानुपातिक | नेपाली काँग्रेस |
| ७२ | मा. ललिता कुमारी चौधरी | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ७३ | मा. लिला कुमारी राई | उदयपुर | समानुपातिक | नेपाली काँग्रेस |
| ७४ | मा. लिला बल्लभ अधिकारी | मोरङ | २(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ७५ | मा. विजय कुमार राई | सुनसरी | १(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ७६ | मा. विदुर कुमार लिंथेप | संखुवासभा | १(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |

| क्र.सं. | नाम | ठेगाना/जिल्ला | प्रतिनिधित्व क्षेत्र | दल |
|---|---|---|---|---|
| ७७ | मा. विद्या चाम्लिङ्ग राई | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) |
| ७८ | मा. विनोद राई | भोजपुर | १(२) | नेपाली काँग्रेस |
| ७९ | मा. शम्शेर राई | ईलाम | १(२) | नेपाली काँग्रेस |
| ८० | मा. शीला दीक्षित कार्की | मोरङ | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ८१ | मा. शोभा चेम्जोङ | मोरङ | समानुपातिक | नेपाली काँग्रेस |
| ८२ | मा. सदान्नद मण्डल | सुनसरी | ४(१) | नेपाली काँग्रेस |
| ८३ | मा. सिर्जना राई | भोजपुर | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ८४ | मा. सुनिता कुमारी गुरुङ्ग | सुनसरी | समानुपातिक | नेपाली काँग्रेस |
| ८५ | मा. सुनिता गच्छदार (चौधरी) | सुनसरी | समानुपातिक | नेपाली काँग्रेस |
| ८६ | मा. सृजना दनुवार | उदयपुर | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ८७ | मा. हिक्मत कुमार कार्की | झापा | ५(१) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ८८ | मा. हिमाल कार्की | उदयपुर | १(२) | नेपाली काँग्रेस |
| ८९ | मा. होम बहादुर थापा | झापा | ५(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ९० | मा. खड्ग बहादुर बस्नेत | मोरङ | १(२) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ९१ | मा. सम्झना तामाङ थाम्सुहाङ्ग | उदयपुर | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ९२ | मा. सबिना बजगाई | झापा | १(२) | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ९३ | मा. सपना दर्जी | सुनसरी | समानुपातिक | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |

## अनुसूची ९

## आर्थिक वर्ष २०८१/८२ को मन्त्रालय/ निकायगत खर्च विवरण

| आ.व. २०८१/८२ को मन्त्रालयगत /निकायगत खर्च विवरण | | | | | | | | | (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मन्त्रालय/निकाय | बजेट | | | | खर्च | | | | खर्च प्रतिशत | | |
| | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | जम्मा |
| प्रदेश व्यवस्थापिका | २४०४४३ | ५३२० | ० | २४५७६३ | १९५९२७ | ३४०० | ० | १९९३२७ | ८१.४९ | ६३.९१ | ८१.११ |
| प्रदेश लोक सेवा आयोग | ११३५७५ | ८३०० | ० | १२१८७५ | १०७९९८ | ८२९० | ० | ११६२८८ | ९५.०९ | ९९.८८ | ९५.४२ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | २०९३५ | ३५० | ० | २१२८५ | १८३२८ | ३४४ | ० | १८६७२ | ८७.५५ | ९८.२९ | ८७.७३ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३४२७११.७६ | ३९६०० | ० | ३८२३११.७५६ | १९०६६३ | ३०६६६ | ० | २२१३२९ | ५५.६३ | ७७.४४ | ५७.८९ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ३९०१०५७.२ | २१२२३ | ० | ३९२२२८०.२४ | ३३९७०३९ | १९३७३ | ० | ३४१६४११ | ८७.०८ | ९१.२८ | ८७.१ |
| उद्योग, कृषि तथा सहकारी मन्त्रालय | १३५९३०८ | २४०८२७ | ० | १६००१३५ | ९६०९१९ | २१०९२२ | ० | ११७१८४१ | ७०.६९ | ८७.५८ | ७३.२३ |
| खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ५४१०१० | ३८६४३६३ | २०००० | ४४२५३७३ | ३८९८९८ | ३६५९६७८ | ० | ४०४९५७५ | ७२.०७ | ९४.७ | ९१.५१ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ५०४६२७ | ७८४१४८ | ० | १२८८७७५ | ३७७५८२ | ५७२०३१ | ० | ९४९६१३ | ७४.८२ | ७२.९५ | ७३.६८ |
| पर्यटन, वन तथा वातावरण मन्त्रालय | १३५०८१०.४ | १०४७३८० | ० | २३९८१९०.४ | १०३९९९३ | ७८९७६८ | ० | १८२९७६१ | ७६.९९ | ७५.४ | ७६.३ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ४५९३४३ | १०७२०८६९ | ० | १११८०२१२ | २८२३४५ | ८२१६४४५ | ० | ८४९८७९० | ६१.४७ | ७६.६४ | ७६.०२ |
| सामाजिक विकास मन्त्रालय | ११२५८१८ | १४४५६५ | ० | १२७०३८३ | ८५६०६६ | ९६३२३ | ० | ९५२३८९ | ७६.०४ | ६६.६३ | ७४.९७ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य मन्त्रालय | २९६५४१९ | ४६६९७३ | ० | ३४३२३९२ | २१८६९९३ | २१७८६९ | ० | २४०४८६१ | ७३.७५ | ४६.६६ | ७०.०६ |
| प्रदेश योजना आयोग | ४९९२८ | १९०० | ० | ५१८२८ | २९८३२ | ९९५ | ० | ३०८२७ | ५९.७५ | ५२.३७ | ५९.४८ |
| कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ० | ० | ० | ० | ० | ० | ० | ० | | | |
| अर्थ - विविध | २५१२.६०४ | ७९४४४ | ० | ८१९५६.६०४ | ० | ० | ० | ० | ० | ० | ० |
| स्थानीय तह | ४८५६५४० | ० | ० | ४८५६५४० | ४२८०८५९ | ० | ० | ४२८०८५९ | ८८.१५ | | ८९.२७ |
| **जम्मा** | **१७८३४०३८** | **१७४२५२६२** | **२००००** | **३५२७९३००** | **१४३१४१३४** | **१३८२६०७१** | **०** | **२८१४०२०३** | **८०.२६** | **७९.३४** | **७९.७६** |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगर

## अनुसूची -१०

प्रदेश सभाको पहिलो कार्यकालको पहिलो बैठकको तस्विर

( २०७४ माघ २२ गते पहिलो बैठकको अध्यक्षता ज्येष्ठ सदस्य ओम प्रकास सरावगीबाट भएको थियो। )



## अनुसूची - ११

सङ्घीयता प्रवर्द्धनमा प्रदेश सभाको भूमिका विषयक समीक्षात्मक गोष्ठीमा सहभागी राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिम्सिनाका साथमा सातै प्रदेशका तत्कालीन सभामुख, उपसभामुख तथा प्रदेश सभा सचिवहरू



अनुसूची — १२

मिति २०८१/०१/२० गते विराटनगरमा सम्पन्न प्रदेश समन्वय परिषद्को छैटौ बैठकका तस्विर







अनुसूची -१३

**केही भनाईहरू**

"**सङ्घ** र स्थानीय संरचना बनिबनाउ रहे पनि **सङ्घीयता**को प्रतिनिधित्व गर्दै नविनतम ढंगले प्रदेश आएको छ । प्रदेश चाहिँदैन भन्ने टिप्पणी पनि सुनिन्छ, तर यो नेपाली माटो अनि मौलिकता सुहाँउदो **रूप**मा आएको छ । **सङ्घीयता**को मुटु नै प्रदेश हो, यो निकालेर चल्छ र"?

- *शेरधन राई पुर्व-मुख्यमन्त्री (२२ भदौ, २०७६, प्रदेश सभालाई सम्बोधन)*

"भौतिक पूर्वाधारका निर्माणका कार्य**हरू** ३० औं वर्षमा नभएका काम**हरू** पनि यस अवधिमा भएका छन्। सडक, पुल लगायतका संरचनागत विकासका कार्य**हरू** भएका छन्। कोशी प्रदेश र नेपालकै विकासका लागि गेमचेन्जरको **रूप**मा विभिन्न योजना**हरू**लाई लिइएको छ। पैदलमार्गका आधारमा पर्यटन प्रवद्र्धन गर्न केही योजना**हरू** तय गरिरहेका छौं । नेपालको सन्दर्भमा प्रदेश संरचनाले जनतालाई छिटो र प्रभावकारी डेलिभरी दिन सक्छ भन्ने, भएको छ"।

- *हिक्मत कुमार कार्की, मुख्यमन्त्री (५ माघ, २०८१ शनिवार, स्रोतः- https://sansarnews.com/४३२५१४/)*

**हाम्रो संघियताको आधार भनेको प्रदेश हो। प्रदेश नहुने हो भने प्रादेशिक विशेषतामा काम गर्ने संरचना नै हुँदैन। केन्द्रले प्रादेशिक विशेषतामा काम गर्दैन। स्थानीय सरकारले प्रादेशिक विशेषतामा काम गर्ने दायरा नै पुग्दैन। विगतमा विकास या राजनीतिक प्रक्रियाले नेपालमा अत्यन्त धेरै प्रादेशिक असन्तुलन ल्यायो जस्का कारण हामी यो राजनितिक परिवर्तनको अवस्थामा आई पुगेका हौं।**

*- प्रदीपकुमार भण्डारी, कोशी प्रदेश सभाका प्रथम सभामुख (स्रोतः प्रदेश सभाको पहिलो पाँच वर्ष)*

## अनुसूची — १४
## प्रदेश सरकारद्वारा सञ्चालित केही आयोजनाका प्रतिनिधि तस्विरहरू




<u>घिनाघाट- विराटचोक सडक, मोरङ्ग</u>

लागत सम्झौता रकमः- १ अर्ब ७ करोड (दुवै प्याकेज गरी)। लम्वाई २२.१९५ कि.मि.।

सम्झौता मितिः- २०७६/३/२९, निर्माण सम्पन्नः- २०८०/११/१६। (स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश)




**<u>लक्ष्मीखोला मुहान लहरेबर सिंचाई आयोजना, महालक्ष्मी धनकुटा</u>**

ठेक्का सम्झौता रकमः- ५ करोड ६४ लाख।   लाभान्वितः- १२० घरधुरी।   सिंचित क्षेत्रः- १२० हेक्टर।
सम्झौता मितिः- २०७७/१/२२, निर्माण सम्पन्नः- २०८०/०१/३०।  (स्रोतः खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, कोशी